नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# बौद्ध संस्कार पद्धति




लेखकः

धर्मरत्न शाक्य 'त्रिशुली'


Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# बौद्ध संस्कार पद्धति

लेखक

**धर्मरत्न शाक्य "त्रिशुली"**

झतापोल ताजाफ, ललितपुर

प्रकाशक

**अन्तर्राष्ट्रिय बौद्ध समाज**

बुद्धनगर, लुम्बिनी

**चन्दादाता**

बुद्धराज बज्राचार्य, खस्यौली बुटवल

बु.सं. २५५३

ने.सं. ११२९

वि.सं. २०६६

ई.सं. २००९

प्रति : ५०००

मूल्य रु. २५/-

मुद्रकः आइडिया, बुटवल, मैत्रीपथ, ५४५४६३, ०७१६२१८१२

E-mail : ideabutwal@gmail.com

Downloaded from http://dhamma.digital

# मेरो भन्नु

प्राग ऐतिहासिक कालदेखि नै नेपाल स्वयम्भू ज्योतिर्मयको प्रादुर्भावले नेपाल बौद्ध देश हो भन्ने कुरा नेपालको अनेक वंशावली र इतिहासले बताइ आएको कुरा हो । त्यसमा पनि यस नेपाल भूमि ककुच्छन्द, कनकमुनि र गौतम बुद्धको जन्मभूमि हुनुबाट अझ यसलाई बुद्ध भूमि भन्नुमा केही अनकाउनु पर्दैन जस्तो मलाई लाग्छ । परन्तु समयको हेरफेर र नेपाल भौगोलिक दृष्टिकोणबाट पनि भारत र तिब्बतको बीचमा परेर पनि समय समयमा यहाँ दुवै देशबाट विद्वान्हरु आएर धर्मपालन गर्ने, प्रचार प्रसार गर्ने स्थल भएको कुरा पनि इतिहासहरुले बताउँदै आएको छ ।

परन्तु जहाँ सबै जातिको शरण स्थल हुन्छ त्यहाँ सबै [illegible] धर्मको संमिश्रण हुनु पनि स्वाभाविकै छ, त्यस्तै धर्ममा अने[illegible] पनि । जे होस् नेपालमा गौतम बुद्धको समयदेखि अ[illegible] स्थबिरबाद बुद्ध धर्मलाई किराती राजाहरुका समय[illegible] भारतबाट निकायभेद भएर आएका महायानी, वज्रयान[illegible] जुन निकाय नेपालमा पनि आए । साथै नेपालका विभिन्न शास[illegible] समयमा बुद्ध धर्ममा परिवर्तन आए । जयस्थिति मल्लको समयदे[illegible] बुद्ध धर्ममा आमूल परिवर्तन गर्न करै लाग्यो । सोही वातावरणमा अनुद[illegible] नेपालका आचार्यबाट जुन बुद्ध धर्मको बारेमा जन्मदेखि मृत्युपछिसम्म क्रिया-कर्मको विधि बनाई सोही संस्कृति जन जीवनमा खाली बौद्धत्व नाउँमात्र भएपनि सुरक्षित गरिराख्नु भएकोमा हामी आभारी हुन कर लाग्छ ।

Downloaded from http://dhamma.digital

परन्तु आजको समयमा आएर उनी आचार्यबाट पनि आफ्ना यजमानहरुको कर्मकाण्ड आदिमा चाहिँदो पुरोहित्याँइ दिन असमर्थ हुँदै गएको छ । साथै अनेक ठाउँमा पुरोहित विधि विधान बिना कामै खाँचो पनि भैसकेको छ ।

अत: यस दिशामा हिरालाल शाक्य तर्फबाट आजको जन-जातीय बौद्धहरुको निमित्त एउटा संस्कार पद्धति नै दिने अठोट गर्नु भएको हुनाले समय सापेक्ष संस्कार पद्धतिको एउटा पुस्तक पाठक वर्गमा प्रस्तुत गरेको छु । आशा एवं विश्वास लिन सकिन्छ कि यसबाट बुद्धको यथार्थ शिक्षा अनुरुप बौद्ध संस्कार पद्धति सबैले समय र परिस्थिति अनुरुप सुधार गर्दै लानु हुनेछ ।

## द्वितीय संस्करण

यो पुस्तक पुन: पूर्व ४ नं. भोजपुरका हिरालाल शाक्य तथा श्रीमती श्रीकुमारीबाट यो पद्धति अत्यन्त उपकारी एवं समय सापेक्ष मान्नु भै आफ्ना दिवगंत ससुरा श्री रामप्रसाद शाक्यको पुण्यस्मृतिमा द्वितीय संस्करण प्रकाशन गर्नु भएकोमा उहाँहरुलाई हार्दिक धन्यवाद छ । पुनश्च: यसमा गृह पनिस्थाको निम्ति पनि एउटा विधि थप राखेको छु ।

भवतु सब्ब मङ्गलं

**धर्मरत्न शाक्य 'त्रिशुली'**
झतापोल ताजाफ, ललितपुर

बुद्ध सम्वत् २५३८
गुरुपूर्णिमा (श्रावण पूर्णिमा)

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

प्रत्येक देशका मानिसहरुमा आ-आफ्नै धर्म संस्कृति हुन्छन् । धेरैजसो बौद्धदेशहरुमा बौद्ध संस्कृतिलाई नै आफ्ना संस्कृति बनाएका छन् । नेपालमा संस्कृति मिश्रण भएको देखिन्छ । हिन्दू र बौद्ध संस्कृति मिसिएको छ । बौद्धहरु आफ्नो संस्कृति जान्न चाहन्छन् तर उनीहरूलाई हातमा राखीदिन खाँचो भईरहेको बेलामा मेरा ठूलो बुबा बौद्ध विद्वान दिवंगत धर्मरत्न शाक्य "त्रिशुली"ले बौद्ध संस्कार पद्धति नामक पुस्तक लेखिदिनुभयो । १५००० थान भन्दा बढी यो पुस्तक छपाई भईसकेको तर पनि आजभोलि यो पुस्तक बजारमा अप्राप्य छ त्यसकारण त्यो कुरालाई मध्यनजर राखी बुटवल निवासी बौद्ध उपासक बुद्धराज बज्राचार्यले आफ्नो धन खर्च गरेर यो पुस्तक अन्तराष्ट्रिय बौद्धसमाजलाई प्रकाशन गर्ने मौका दिनुभएको छ ।

बुद्धराज बज्राचार्य दिवंगत श्री पुण्यराज बज्राचार्यका एक मात्र सुपुत्र हुनुहुन्छ । पुण्यराज आफ्नो बुबा जोगराजसँगै लपु बुवाहालबाट सरकारी कामको शीलशीलामा पोखरा पाल्पा हुदै बुटवलमा बसोबास गर्न आउनु भएको थियो । उहाँले बुटवल स्थित पद्मचैत्य विहारमा वि.सं. २००० सालमा ५ वटा मानी र एउटा घण्टा स्थापना गर्नुभयो । उहाँको निधनपछि उहाँका धर्मपत्नीहरु सूर्यमाया, नानीमाया र छोरा बुद्धराजले आफ्ना स्वामी तथा बुबा पुण्यराजको मनोकामना अनुरुप पुरानो सानो पाटीलाई जगै देखि निर्माण गरी दुई तले विहार को कार्य सम्पन्न गरी २००५ सालमा भिक्षु संघलाई दान गर्नुभयो ।

उहाँ बौद्ध उपासक बुद्धराज बज्राचार्य हाल अस्वस्थ्य हुनुहुन्छ तसर्थ उहाँको दीर्घायू तथा सु-स्वास्थ्यको कामना गर्दछु ।

वि.सं. २०६६ भाद्र ११ गते

**भिक्षु मैत्री महास्थविर,**
**संस्थापक अध्यक्ष**
**अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनी**

Downloaded from http://dhamma.digital

# दुई शब्द

संस्कारद्वारा मानवको जीवनस्तर सुसंस्कृत भएर माथि उठ्ने छ । मानव समाजले अति प्राचीन कालदेखि नै यस्ता विश्वास गर्दै आइरहेका हुन् । यसैकारणले नै एसियाली देशका प्रत्येक जातिले जन्मदेखि मृत्यु पर्यन्तसम्म गरिने केही न केही संस्कार कर्महरु प्रचलनमा ल्याइएका हुन् । संस्कार जीवनको आवश्यकता र अवस्था अनुसार नै हुने गर्दछ । संस्कार कर्मबाट प्रभावित भएर नै मानिसहरु यसलाई राम्रो चलन मानेर अनुशरण गर्दछन् । सुरु सुरुमा यसबाट अहित भएको थिएन । पछि केही रुढीवादीहरुको संलग्नताले गर्दा विकृति उत्पन्न भएर हितको बदला अहित र अठ्यारो हुन पुगेको थियो । यथार्थमा भन्ने हो भने संस्कार कर्म मानव जीवनलाई राम्रो बनाउन व्यवस्थित तुल्याउन र आचरणमा सुधार ल्याउनकै लागि हो । यसो भए तापनि जब संस्कार कर्मद्वारा हितको सट्टा अहित र कल्याणको सट्टा अकल्याण गर्न थाल्दछ तब त्यसलाई संस्कार नभनिकन कुसंस्कार भन्ने पनि गरिन्छ । मानव समाजको निमित्त कुसंस्कारबाट टाढा रहनु हितकर हुनेछ ।

बुद्ध धर्म अनुसार सिद्धान्ततः संस्कार कर्मलाई कुनै महत्वपूर्ण स्थान दिइनु उपयुक्त छैन । यसो भए तापनि सामाजिक व्यवस्था र सामाजिक व्यवहार बन्धनको कारण मानिसहरु बाध्यतावश नै पनि कुनै न कुनै संस्कार कर्म अपनाउने गर्दछन् । सामाजिक जीवन व्यतित

Downloaded from http://dhamma.digital

गर्नको निमित्त त्यसो गर्न अनौठो पनि ठहरिदैन त्यसैले कालान्तरमा बुद्ध धमार्नुयायीहरुलाई पनि संस्कार कर्मले प्रभावित तुल्याएको हो भन्न सकिन्छ।

प्रस्तुत पुस्तक संस्कार पद्धतिका लेखक श्री धर्मरत्न शाक्य कर्मठ, लगनशील एवं मेहनती पनि हुनुहुन्छ। उहाँ बुद्धधर्मको ज्ञाता पनि हुनुहुन्छ। पालि भाषाका कतिपय ग्रन्थहरु अनुवाद गर्नु भएर उहाँको बुद्ध धर्म जान्न बुझ्न चाहने तर पालिभाषा नबुझ्नेहरुका निमित्त ज्यादै ठूलो उपकार पनि गर्नु भएको छ। पुस्तकको रुपमा अभाव भइरहेको 'संस्कार पद्धति' नाम दिएर पुस्तक लेखि दिनु भएकोले उहाँ प्रशंसाको हकदार पनि हुनुहुन्छ।

**भिक्षु अश्वघोष महास्थविर**
उपसंघनायक सङ्घाराम, ई. १९९५

Downloaded from http://dhamma.digital

# मन्तव्य

'संस्कार पद्धति' भूत, वर्तमान र भविष्यका प्राणीप्रति सद्भावना र शुभेच्छाबाट व्युतपन्न भएको हुन्छ। त्यस्तै कतैबाट, कसैबाट र कुनै प्रकारबाट अनिष्ठ, विध्न र दुःख पीडा नहोस् भन्ने भावनाबाट संस्कार पद्धतिको अनुकरण गरेको हुन्छ। त्यसैकारण संस्कार पद्धतिको विभिन्न देशमा अझ भनौं भने आफ्नै देशमा पनि विभिन्न जाति र समयमा भिन्न भिन्न किसिमको हुन्छ।

प्रस्तुत पुस्तिकामा बौद्ध दृष्टिकोणबाट १० प्रकारका संस्कारहरु बारेमा उल्लेख गरिएको छ। हामी गर्भ मङ्गल, जन्म मङ्गल, नामाकरण मङ्गल, कुलदेवताको दर्शन मङ्गल, विद्यारम्भ मङ्गल, विवाह मङ्गल, अन्त्येष्टि कार्य बुद्ध जीवनीमा पनि घटेको देख्दछौं। प्रबज्या र उप-सम्पदा भन्ने बुद्धकालीन ऐच्छिक विषय हो।

बौद्ध दर्शन शुभेच्छा वा मङ्गल-कामना जहिले जुनसुकै अवस्थामा जो सुकैलाई पनि गर्न सकिन्छ। तर बुद्ध र बौद्ध भिक्षु सङ्घबाट कहिल्यै कसैलाई कुनै अवस्थामा पनि सरापेको हामी देख्दैनौं। त्यसकारण शुभेच्छा वा मङ्गल-कामनाको संस्कार बारेमा लेख्नु र संस्कार कार्य गर्नु मङ्गलकारक कार्य हो। पालि त्रिपटकका उदान सुत्तनिपात जस्ता पुस्तकको र पालिभाषाका परित्राण आदि पुस्तकका अनुवादक, बुद्ध र बुद्धधर्म बारेमा थुप्रै रचनाका लेखक श्री धर्मरत्न शाक्यद्वारा लिखित 'बौद्ध संस्कार पद्धति' पनि मङ्गलमय कार्यकै एक अङ्ग हो !

Downloaded from http://dhamma.digital

गर्भमङ्गल कार्यमा गर्भवती महिलाबाट धर्मका कथाहरु सुन्नु पढ्नुलाई पनि समावेश गर्न सकिन्छ । आमाको पौष्टिक खानपानको प्रभाव जरुर नै गर्भस्थित बच्चामा पर्छ, त्यस्तै आमाको मनस्थितिको प्रभाव पनि पर्छ । अत: गर्भवती आमा ईर्ष्या, द्वेष, कलह, लोभ र मानसिक क्लिष्टतादिबाट मुक्त हुनु र सदाचारी शान्त चित्तको हुनु जरुरी छ । गर्भवती आमाले सम्यक् धर्मको चिन्तन मनन् गर्नु अनि चित्तलाई सदाचारको स्वच्छता र शीतलतामा राख्नुलाई पनि हामी गर्भ मङ्गलकै अंश मान्न सक्छौं ।

नामाकरण मङ्गल जन्मदेखि मृत्यु पर्यन्त सम्बन्ध भएको हुन्छ । यद्यपि यथा नाम तथा गुण नभएको खण्डमा कुनै नाउँको सार्थकता रहदैन । 'देवदत्त' नाउँको शाब्दिक अर्थ कति राम्रो छ, देवताले दिइएको मेरो छोरा । तर देवदत्तको बुद्ध प्रतिको इर्ष्याले गर्दा कुनै पनि बौद्धले आफ्नो छोराको नाउँ देवदत्त राखेको हामी पाउदैनौ । नाउँ राख्ने पद्धतिमा पनि राशि अनुसार, बार अनुसार र आफ्नो परिवारको नाउँको अनुसरण गर्ने हाम्रो बौद्ध देशको परम्परा छ । त्यस्तै कतै बच्चालाई कुखुरा समाउन लगाउँदै पुर्खाको नाम लिदै जाँदा जुनबेला बच्चाले समाउन छाड्छ वा छुन छाड्छ त्यही पुर्खाको नाउँ राख्ने जस्ता विचित्र पद्धति पनि यस संस्कारमा छ । नेवार समुदायमा देवताको अथवा फूलको (द्योनां, स्वांना) नामाकरण गर्ने प्राचीन पद्धति छ । थाइल्याण्डमा बुद्धको नाउ मानिसलाई राख्न रुचाउँदैनन् । अरुले नाउँ राख्दा नराम्रो स्वभाव,

Downloaded from http://dhamma.digital

नराम्रो आकृति बोध हुने र अबौद्ध जनाउने नाउँ राख्नु हुँदैन भन्ने लेखकको विचार स्वागतयोग्य छ । अन्नप्राशन मङ्गलमा मादक पदार्थ सेवन नगराउने जुन विचार लेखकले व्यक्त गरिएको छ- वस्तुतः अत्यन्त सार्थक छ । अनि वर्णभेद मङ्गल कर्मको उपयोगिता भन्ने आजकल पुरुष वर्गका लागि उपयोगिता कमशः घट्दै गएको छ । पहिले पुरुषजाति पनि कुण्डल लगाउँथे । अब त्यो साना बालक कालमा र बृद्धावस्थामा मात्र सीमित भइसकेको छ ।

चूडाकर्म मङ्गल, प्रब्रज्या मङ्गल, उपसम्पदा मङ्गल अथवा शीलवती (अनागारिका) मङ्गल मलाई जहाँसम्म लाग्छ एउटै प्रकारको संस्कार हो । यो विवाह पूर्व र विवाहपछि जहिले गरे पनि हुन्छ तर नेपालमा चूडाकर्म विवाह पूर्व गर्ने परम्परा छ ।

विद्यारम्भ मङ्गल आजको संसारमा अत्यन्त महत्वपूर्ण मङ्गल कार्य हो । आजकल शिशु निकेतनमा ५ वर्षभन्दा कम उमेरका बाल बालिकाहरुलाई अक्षराम्भ गराइन्छ । आगामी कम्प्युटर युगको लागि तयार हुनु पर्ने बाल बालिकाहरुलाई ५ वर्षदेखि मात्र अक्षराम्भ गर्नु पर्छ भन्ने छैन । जुन दिन बच्चा शिक्षालय जानेछ त्यही दिन यो मङ्गल कार्य गरे पनि हुन्छ जस्तो मलाई लाग्छ ।

विवाह मङ्गल गृहस्थी उपासक उपासिका जीवन बिताउनेहरुका लागि अत्यन्त महत्वपूर्ण एवं उल्लासमय मङ्गल कार्य हो । लेखकले यसैकारण यसको चर्चा गर्नु भएको पनि छ ।

Downloaded from http://dhamma.digital

अन्त्येष्टि संस्कार मृत व्यक्तिको सद्गति र मुक्ति कामना अनि मृत व्यक्तिको प्रभावबाट अनिष्ट नहुन दिने भावनाबाट प्रेरित संस्कार हो । जहाँसम्म बौद्ध दर्शनको कुरा छ, त्यस अनुसार अन्त्येष्टि संस्कारमा मृतबन्धुको लागि पुण्य कार्य गरेर पुण्यानुमोदन गरी सत्गति र निर्वाण कामना गर्नुपर्दछ । त्यसका साथै यो संस्कार सम्पन्न गर्दा आफू पनि यस्तै एक दिन मर्नु पर्नेछ भन्ने अनित्य भावना आफ्नो मनमा जागृत गर्नुपर्दछ ।

बौद्ध संस्कार पद्धति बारेको यो पहिलो नेपाली भाषाको प्रस्तुति हो । मलाई लाग्दछ यस विषयलाई अरु विस्तृत रुपमा 'पद्धति'लाई प्रष्ट हुन सक्ने तरिकाले भविष्यमा लेख्नु पर्नेछ । अझ यथासम्भव प्रत्येक संस्कारका लागि आवश्यक सूची पहिले दिने, यथासम्भव चित्र दिने भए सुनमाथि सुगन्ध हुनेछ ।

अस्तु !

Dhamma.Digital

नगरमण्डप श्री कीर्ति विहार
कीर्तिपुर ४।१५।२०५१

-भिक्षु सुदर्शन

Downloaded from http://dhamma.digital

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| | **बौद्ध संस्कार पद्धति** | **१-२०** |
| १. | गर्भ मङ्गल | ३ |
| २. | नामकरण | ४ |
| ३. | अन्न प्राशन | ५ |
| ४. | कर्णवेध | ६ |
| ५. | क) चुडाकर्म | ७ |
| | ख) शीलाचारिणी | ७ |
| ६. | विद्यारभ्भ | ८ |
| ८. | क) प्रवज्या | १२ |
| ९. | ख) शीलवती (अनागारिका) | १३ |
| १०. | अन्त्येष्टि | १४ |
| ११. | गृह मङ्गल | २० |
| | **त्रिरत्न बन्दना र परित्राण** | **२१-५५** |
| | १. त्रिशरण विधि | २१ |
| | २. पञ्चशील | २२ |
| | ३. त्रिरत्न बन्दना विधि | २२ |
| | ४. बुद्धपूजा विधि | २७ |
| | ५. आव्हान सुत्त | ३४ |
| | ६. मङ्गल सुत्तं | ३६ |
| | ७. रतन सुत्तं | ३९ |
| | ८. मेत्त सुत्तं | ४६ |
| | ९. अंगुलिमाल सुत्तं | ४९ |
| | १०. महाजयमङ्गल गाथा | ५० |
| | ११. मरणानुस्सति | ५४ |


Downloaded from http://dhamma.digital

# स्वर्गीय ज्वाइँ धर्मरत्न शाक्य
# र
# बहिनी पुष्पमाया शाक्यको
## पुण्य स्मृतिमा समर्पण



**धर्मरत्न शाक्य त्रिशुली**

जन्म वि.सं. १९८९ मंसिर ९ गते

दिवगंत: २०६३ पौष २५ गते



**पुष्पमाया शाक्य**

जन्म: १९९९ श्रावण कृष्ण त्रयोदशी

दिवगंत २०६३ आश्विन १५ गते आइतबार

दाजु
**बुद्धराज बज्राचार्य**

भाउजु
**पूर्णलक्ष्मी बज्राचार्य**

## भतिजा/भतिजीहरु

१) मनोहर राज/शान्ति
२) मतिना
३) कमलराज/कुसुम
४) नील (प्रतिमा)
५) सितु
६) कपिलराज/सुमी

Downloaded from http://dhamma.digital

# बौद-संस्कार-पद्धति

मानव जीवनमा संस्कारको ठूलो महत्व छ । संस्कारबाट नै व्यक्ति सुसंस्कृत एवं सभ्य हुन्छ । प्राचीन कालदेखि मानव समाजले संस्कारहरुमा विश्वास राखी आएका छन् । यही कारणले प्रत्येक देश एवं जातिहरुमा देश कला अनुरुप जन्मदेखि लिएर मृत्यु पर्यन्त केही न केही संस्कार गर्ने चलन चलिआएका छन् । बौद्ध समाजमा पनि यस्तै संस्कारहरुको विभिन्न विधानहरु छन् ।

यहाँ विचारणीय कुरो के छ भने- संस्कारलाई सम्पन्न गर्नुमा धर्मको महत्वपूर्ण भूमिका रहेको हुन्छ । प्रत्येक धर्मावलम्बीहरु आ-आफ्नो धर्मानुसार संस्कार सम्पन्न गरेर जीवनलाई पूर्ण एवं सुखमय भएको ठान्ने गर्दछन् । संस्कारबाट नै मानिसलाई मानवत्व प्रदान गर्ने बाटो कोरेको हुन्छ । त्यसकारण आज पनि सबै बौद्ध देशहरुमा यस्तै केही संस्कारहरु प्रचलित भइरहेका छन् ।

हामी समस्त बौद्ध कहलिएका नेवारमा गुभाजु, शाक्य, तुलाधर, मानन्धर, महर्जन आदि र अन्य जनजतिमा भोटे, शेर्पा, लामा, लाप्चे, तामाङ, गुरुङ, थकाली, मनाङ्गे, शेरचन, थारु मगर, किरात, लिम्बु, राई, आदि बौद्ध गृहस्थहरुले आफ्नो जीवनलाई सभ्य एवं सुसंस्कृत तुल्याउन अन्ध परम्परालाई छोडेर भगवान् बुद्धले बताउनु भएको सत्मार्गमा उपयुक्त भएको त्रिशरणसहित पञ्चशीललाई सदैव सुरक्षित हुने संस्कारलाई अपनाई जीवन सुधार गर्नु परेको छ ।

बौद्ध भनिएका हामीहरुले मुख्यत: सबभन्दा पहिले बुद्ध भनेका को हुन् । धर्म भनेको के हो भन्ने कुरालाई बुझ्नु परेको छ । बुद्ध भनेको कुनै देवी देवता होइन न कुनै ईश्वरको अवतार नै हो, बुद्ध त हाम्रै



Downloaded from http://dhamma.digital

नेपाल अधिराज्यको लुम्बिनी उद्यानमा २६०० वर्षअघि जन्मिनु भएका शुद्धोधन महाराजाका सुपुत्र सिद्धार्थ गौतम बुद्ध नै बुद्ध हुनु हुन्छ । जसले जीवनमा बुद्धत्व ज्ञान प्राप्त गर्नुभयो ।

हामीले यो पनि बुझ्नु परेको छ कि उनी भगवान् बुद्ध शाक्यमुनिले (शाक्य थुपा) सिधा दिने, श्राद्ध गर्नेलाई स्वर्ग र नगर्नेलाई नरक पठाउने जिम्मा लिनु भएको छैन । उहाँले कसैलाई नरकको त्रास र कसैलाई स्वर्गको आश पनि देखाउनु हुन्न । उहाँले त केवल यस जीवनमा दुःखबाट मुक्ति र निर्वाण सुखको बाटो मात्र देखाउनु हुन्छ । त्यो प्राप्त गर्नु हामी आफैमा निहित छ । जसले जस्तो काम गर्छ उसलाई त्यस्तै फल प्राप्त हुन्छ । यो प्राकृतिक स्वभाव धर्म हो । यही उहाँको उपदेश हो ।

उहाँ भन्नु हुन्छ -"प्रत्येक पुरुषको मालिक आफू नै हो । अरु कोही हुन सक्दैन ।" त्यसैले सदाचारमा नै बुद्ध धर्मले विशेष जोड दिएको हो, न कि कर्मकाण्डमा । तर आज हामी बौद्धहरुले यी मूलभूत कुरालाई प्राय: विर्सिसकेका छौं । आज बुद्धको मूल उपदेशलाई सम्झनु पर्ने जान्नु पर्ने अवस्था आएको छ । अन्य धर्मालम्बीहरुले झैं शाक्यमुनी बुद्धले कसैलाई काखा कसैलाई पाखा गर्ने उपदेश पनि गर्नु भएको छैन । अत: हामी समस्त बौद्धहरुले सचेत भएर जविनमा दु:ख हुने नचाहिँदो कर्मकाण्डलाई हटाई जीवनलाई सभ्य र सुखमय गराउने संस्कारहरुमा जोड दिनु परेको छ ।

हुनत लागिसकेको बानीलाई नराम्रै भएपनि पन्छ्याउन केही क्षणको लागि गाह्रो जस्तो लागे पनि सुधार्नै नसकिने होइन । बानी नलागेसम्म मुश्किल जस्तो लागे पनि बानी भइसकेपछि सरल हुने नै छ । त्यसकारण हामीले अन्ध परम्परालाई त्यागेर जीवनमा सदाचारले युक्त कर्मकाण्डहरुलाई संस्कारको रुपमा मानेर आचरण गर्नु परेको छ



Downloaded from http://dhamma.digital

। यो सम्झनु हुँदैन कि सदाचारी बन्न जुन पञ्चशील पालना गरिने हुन्छ। त्यसमा प्रमादवश कुनै एउटा त्रुटी हुँदैमा सबै नै निष्फल हुन्छ भन्ने।

सत्य त त्यही हो कि जति पालन गरिन्छ त्यतिको फल अवश्य पाइने नै हुन्छ तसर्थ बुद्धलाई चिनेर बुद्धको धर्मलाई जानेर पालन गर्दै आफ्नो जीवनलाई सुधार गरी सभ्य तुल्याउन बौद्ध संस्कारलाई राम्रोसँग जानेर व्यवहारमा उतार्नु परेको छ।

आज भोली बौद्ध देशहरुमा प्रचलित संस्कारहरुमा मुख्यतया यी १० प्रकारका संस्कारहरु प्रचारमा आइरहेका छन्।

(१) गर्भमङ्गल (२) नामाकरण
(३) अन्न प्राशन (४) कर्णवेध
(५) ब्रतबन्ध (चूडाकर्म) (६) विद्यारम्भ
(७) प्रवज्या (८) विवाह मङ्गल
(९) उपसम्पदा (१०) अन्त्येष्टि कर्म।

## १. गर्भ मङ्गल

यो पहिलो संस्कार हो जुन गर्भमा रहेको तीन महिना पछि आफ्नो सुविधा अनुसार गरिन्छ। यो संस्कारमा गर्भमा रहेको बालक बालिकाको कल्याण कामना गरी आमाले त्रिशरण सहित पञ्चशील पालना गरिन्छ। बुद्ध पूजामा बुद्ध गुण, धर्म गुण र संघ गुणको अनुस्मरण गरी परित्राणमा मङ्गलसूत्र, रत्नसूत्र, सूत्र पाठ श्रवण गर्दछ। अनि भिक्षुहरुलाई भोजन दान गर्छ। भिक्षु नभए गृहत्यागी अनागारिकालाई, अनागरिका पनि नभए यो संस्कार गर्ने दिनमा घरका गण्यमान्य बयोबृद्धहरुबाट वा जान्ने शीलवान उपासक उपासिकाहरुबाट भए पनि पाठ गराएर उपदेश सुनेर आशिर्वाद लिनुपर्दछ। जसबाट गर्भमा रहेको



Downloaded from http://dhamma.digital

बालक बालिका र आमालाई पनि मङ्गल हुनेछ ।

यो संस्कार गर्दा आमाले सर्वप्रथम सुकिलो वस्त्र पहिरेर त्रिशरणसहित पञ्चशील ग्रहण गर्नु पर्छ । अनि बुद्ध, धर्म र संघको गुण स्मरण गरी पुष्प, धूप, दीप आदिले बुद्धको पूजा गर्नु पर्छ । पूजा घरमा भए घरमा, घरमा नभए कुनै विहार, गुम्बा वा मन्दिरमा गएर गर्न सकिन्छ । त्यसपछि परित्राण पाठमा आंव्हान सूत्र, महामङ्गल सूत्र र रतनसूत्र श्रवणका साथै गर्भरक्षाको निम्ति अंगुलिमाल सूत्र पाठद्वारा गर्भ रक्षा गर्न सिकाइन्छ । नौ महिना पुगेपछि बच्चा नपाउञ्जेल आमाले रतनसूत्र अथवा अंगुलीमाल सुत्रको पाठ स्मरण (गर्नु पर्छ) गर्ने चलन चल्ती छ ।

## २. नामकरण

यो बच्चा जन्मेपछि एक हप्ताभित्र गरिने दोस्रो संस्कार हो । यो संस्कार गर्ने दिन आमा र बच्चालाई तातो पानीले स्नान गराई घर सबै शुद्ध गरी भगवान् बुद्धको प्रतिमाको सामु पुष्प, धूप, दीप आदिले सजाई त्रिशरण सहित पञ्चशील ग्रहण गर्नुपर्छ । बच्चालाई काखमा लिएर शान्ति पूर्वक भिक्षु वा अनागारिकाबाट परित्राण पाठ सुन्नु पर्छ । जहाँ भिक्षु वा अनागरिकहरु उपलब्ध हुँदैन । त्यहाँ गर्भ मङ्गलमा बताएजस्तै घरका गण्यमान्य बयोबृद्ध वा शिलवान उपासक उपासिकाहरु सबै भेला भई त्रिशरण सहित पञ्चशील अधिष्ठान गरी त्रिरत्न वन्दनाद्वारा वृद्ध पूजा गरी बच्चालाई भिक्षु भए भिक्षुबाट नभए बुद्ध धर्म ज्ञाता जेठा पाकाहरुबाट नामाकरण गराई उनैबाट आशिर्वाद दिलाउनुपर्छ ।

नामाकरण गर्ने बेलामा छोराको नाउँ भए बौद्ध विद्वान्हरुको नाउँमा बाबुको नाउसँग सम्बन्धित र छोरीको नाउँ भए बौद्ध महिषिहरुको नाउँमा आमाको नाउसँग सम्बन्धित गरी छानेर नाउँ राख्नु पर्छ । नराम्रो स्वभाव, नराम्रो आकृति बोध हुने र अबौद्ध जनाउने नाउँ राख्नु हुँदैन



Downloaded from http://dhamma.digital

। यसरी नामकरणको कार्य सिद्धिएपछि आमन्त्रित भिक्षु, अनागरिकालाई भोजन दान दिएर विदा दिइसकेपछि परिवार सबैले मिलेर प्रिति भोजन गरी सबैले हर्ष मनाइन्छ ।

## ३. अन्नप्राशन

यो तेस्रो संस्कार हो यो संस्कार छोरा भए ६ महिना र छोरी भए ५ महिनामा गरिन्छ । यो संस्कारको दिनमा आमाले बच्चालाई नुहाई, आफूले पनि नुहाई शुद्ध भइ शुद्ध वस्त्र लगाइ पुष्प, धूप, दीप आदिले बुद्ध पूजा गरी त्रिशरण सहित पञ्चशील ग्रहण गरेर परित्राण पाठ सुन्ने गर्छिन । यदि परित्राण पाठ गर्ने भिक्षु वा अनागारिका भएन भने घरका बृद्ध तथा शीलवान उपासक, उपासिका र मामा, दाजुभाइहरु सबै भेला भई त्रिशरण सहित पञ्चशील अधिष्ठान गरी त्रिरत्न वरदानद्वारा बुद्ध पूजा गरिसकेपछि परित्राण पाठ गरिन्छ । त्यसपछि एउटा शुद्ध कटौरामा खीर राखी चम्चाले घरका बृद्ध गण्यमान्य जनबाट 'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स' भन्ने वाक्य उच्चारण गर्दै बच्चालाई खीर चाट्न लगाईन्छ । यदि भिक्षुहरु छन् भने प्रधान भिक्षुले खीर चाट्न लगाइसकेपछि अरुले क्रमैसंग चाट्न लगाइन्छ । त्यसपछि बच्चालाई बुद्ध प्रतिमा भएको विहार, गुम्बा वा मन्दिरमा दर्शन गर्न लगाइन्छ र बुद्ध पूजा गरिन्छ । अनि आफ्ना परिवारका नाता कुटुम्ब, इष्टमित्र सबैलाई प्रीति भोजन गराई बच्चालाई आशिर्वाद दिने गर्दछ ।

यसमा विचारणीय कुरा के छ भने बौद्धहरु स्वभावैले पञ्चशीललाई पालन गर्ने भएकाले बच्चालाई पञ्चामृत खीर र फलको रस बाहेक अन्य मादक पदार्थको सेवन गराउनु हुँदैन । मादक पदार्थ सेवन गराउनाले पछि सोही बानी लागेर आमाबाबुलाई पीडा दिने र नशालु वस्तुको लतमा लागेर जीवन नष्ट हुन सकिने हुन्छ ।


Downloaded from http://dhamma.digital

## ४. कर्णविध

यो चौथो संस्कार हो । यो संस्कार बच्चाको कान छेड्ने अवस्थामा गरिन्छ । कुनै ठाउँमा यो संस्कार अन्नप्राशन भन्दा १ महिना अगाडि पनि गर्ने चलन छ । कसैले अन्न प्राशनपछि यथा समयमा पनि गराउँछ । त्यस दिन पनि बच्चालाई आपद् विपद् भयबाट बचोस् भन्ने हेतुले त्रिशरण सहित पञ्चशील ग्रहण गरी बुद्ध पूजा गरिसकेपछि जान्ने मानिस बोलाई बच्चाको कान छेडेर मुन्द्रा आदि गहना लगाइदिने गर्दछ ।

## ५. (क) चूडाकर्म

यो पाँचौ संस्कार हो । जुन बच्चा जन्मेको पाँचौ वर्षमा आफ्नो सुविधा अनुसार गरिन्छ । पालिमा यसलाई केश कप्पन भनिन्छ, संस्कृतमा चुडाकर्म भनिन्छ । यो सँस्कार कुनै बौद्ध विहार, पुजनीय ठाउँ अथवा घरमा पनि गरिन्छ । भिक्षु वा बौद्ध आचार्यले बच्चालाई सर्वप्रथम छुराले शिखाक्षेदन गरी मुण्डन गरिदिन्छ । त्यतिबेला फुपू, फुपाज्यू, मामाहरु पनि भेला भएका हुन्छन् । भिक्षु वा बौद्ध आचार्य नभए फुपाज्यू, फुफाज्यू पनि नभए घरका बयोबृद्ध व्यक्तिले यो शिखालाई मुण्डन गरिदिन सकिन्छ । त्यसपछि जान्ने व्यक्तिले सबै कपाल सफा पारेर बच्चालाई स्नान गराइन्छ । स्नान गराइसकेपछि शुद्ध वस्त्र पहिऱ्याई बच्चालाई त्रिशरणसहित पञ्चशील ग्रहण गराउँछ । पञ्चशील ग्रहण गर्दा बच्चालाई आमाबाबु वा फुफुहरुले काखमा लिएर सबैले एकै स्वरमा शील अधिष्ठान (समादान) गरिन्छ । त्यसपछि भिक्षु वा आचार्यबाट धर्मोपदेशका साथै परित्राण पाठ सुन्छन् । त्यसपछि सबैले ब्रतवन्ध गरेको बालकलाई भिक्षा दान दिन्छन् बच्चाले भिक्षा लिईसकेपछि सबै परिवार बुद्ध मन्दिरमा वा बुद्ध प्रतिमाको अगाडि बसी पुष्प, धूप, दीप नैवेद्य आदिले बुद्धपूजा गर्छन् । यो ब्रतबन्ध गर्दा ब्रतवन्ध गर्ने बालकलाई



Downloaded from http://dhamma.digital

निरामिस भोजन गराउछन् र सबै आगन्तुकहरु, परिवार बन्धु र कुटुम्बहरुलाई प्रीति भोजन गराई भिक्षु अनागरिकालाई दान प्रदान गरी विदा दिन्छन् ।

## ५. (ख) शिलाचारिणी

छोरालाई ब्रतवन्ध गरे जस्तै छोरीलाई पनि रजस्वला नहुँदा गरिने एउटा संस्कार छ । त्यो हो शिलाचारिणी यो संस्कार अनागारिका भएको बौद्धविहार अथवा आरामहरुमा गर्ने गर्दछन् । बौद्ध भिक्षुणी अनागारिकाहरुको आश्रममा ती केटीहरुलाई अलग्ग कलेजी रंगको लुगा लगाउन दिई ४ दिनदेखि एक हप्तासम्म अष्टशील पालन गराई, विहारमा राखेर बौद्ध शिक्षाको अध्ययन गराई राख्छ । अन्तमा अनागरिका गुरुआमाहरु कहाँ यथासक्य भोजनादी दान प्रदान गरी पुनः गृहस्थी वस्त्र लगाई पञ्चशील ग्रहण गरी घर फर्कक्छन् । त्यतिबेला केटीको घरको परिवारहरु आइ विहारमा दानप्रदान गरेर धर्मदिशना सुनी छोरीहरु लिएर घर फर्कने गर्छन् ।

## ६. विद्यारम्भ

यो छैठों संस्कार हो । जुन जन्मेको ५ वर्षमा गरिन्छ । संस्कार गरिने दिन बालकलाई बुद्ध मन्दिरमा लगेर बुद्धको बन्दना गराउँछ । त्रिशरण सहित पञ्चशील समादान गराउँछ । त्यसपछि भिक्षु अनागरिका वा आचार्यबाट पाटी वा स्लेटमा बच्चाको हातमा खरी समात्न लगाई आफ्नो हातले भर दिएर उसलाई "बुद्धं शरणं गच्छामी" धम्मं शरणं गच्छामी, संघ शरणं गच्छामी" वा "नमोबुद्धाय" लेख्न लगाउँछन् । यसैलाई विद्यारम्भ संस्कार भन्छन् । त्यसपछि बालकलाई सुविधानुसार कुनै विद्यालयमा लगेर विद्या अध्ययन गराउँछन् ।



Downloaded from http://dhamma.digital

## ७. विवाह

यो सातौं संस्कार हो । गृहस्थ जीवनको आधारशिला नै विवाहलाई मानिन्छ । त्यसैले विवाह मानव समाजरुपी धाराको अनवरत प्रवाह हो । विवाह दुई प्राणीको निर्मल सम्बन्ध हो जसले अगाडि गएर परिवारको रुप धारण गर्छ । गृहस्थ जीवन सफल पार्नको निम्ति विवाह गर्नु अत्यन्त आवश्यक छ ।

बौद्धहरुको निम्ति कुनै पनि शुभ कार्य गर्नमा आफ्नो सुविधानुसार प्रत्येक क्षण शुभ हुन्छ । त्यककारण विवाहको लागि दुलहा र दुलही हुने दुवै तर्फको परिस्थिति एवं सुविधाअनुसार विवाहको तिथि र ठाउँ निश्चित गरिन्छ । यो कार्य सम्पन्न गर्न कुनै बौद्ध भिक्षु वा बौद्ध आचार्यलाई विशेष रुपमा बोलाउनु पर्छ । उसको पनि सल्लाह लिने गरिन्छ ।

बौद्धहरु त्रिशरणको अतिरिक्त अरु कसैको शरणमा जाँदैन । त्यसकारण बौद्ध धर्मको विपरित कुनै रितिथिति अथवा पाठपूजा पनि गर्दैनन् । केबल विवाहको दिनमा दुलहा-दुलहीलाई आ-आफ्नो घरमा सुगन्धित जलले स्नान गराई सुवासित तेलहरु लगाई आफ्नो औकात अनुसारको वस्त्राभुषण धारण गराउँछन् । कुनै विशेष वस्त्र वा आभुषणको आवश्यकता छैन । वस्त्राभुषण लगाइसकेपछि धूप दीप फूलहरुले बुद्धको पूजा गरेर त्रिशरण सहित पञ्चशील ग्रहण गर्दछन् ।

बर र बधू दुवै पक्षका मानिसहरु पहिले निश्चित गरिराखेको ठाउँमा जम्मा हुन जान्छन् । नियमानुसार विवाह कर्म सम्पन्न गर्न निश्चित ठाउँमा उपस्थित हुन्छन् । रमाइलोको निम्ति बाजाहरु आफ्नो सामर्थ्य अनुसार मात्र हुनु पर्दछ । यो बिना विवाह कार्य नरोकिने हुनु पर्छ । विवाहको निम्ति एउटा स्वच्छ र सजाइएको मण्डप बनाइन्छ, त्यसमा एकातिर उच्च स्थानमा भगवान् बुद्धको प्रतिमा वा चित्र



Downloaded from http://dhamma.digital

सम्मानपूर्वक राखिन्छ । अनि त्यसको सामुन्ने वर र वधुलाई बस्ने आसन बनाउनु पर्छ । बधुलाई बरको बायाँतर्फ राखिने र मण्डपको दुवै तर्फ दुवै पक्षका मानिसहरु रहनु पर्छ । मण्डपमा माटोको वा कुनै धातुको घडा वा कलशमा चोखो पानी भरेर त्यसमाथि पाँच प्रकारका पल्लप (पाँच प्रकारका वृक्षका पातहरु) र भए कमलको फूल नभएमा कुनै राम्रो फूल राखिन्छ । हातले काटेको मीन सुतको काँचो धागोले मण्डपलाई चारैतिर जहाँसम्म मानिस बसेका छन् सबैलाई घेरिने गरी घेरेर त्यसको टुप्पोले कलशलाई घेरेर त्यो टुप्पा बर र वधू अनि भिक्षु एवं आचार्य र प्रमुख व्यक्तिलाई समाउन लगाउनु पर्छ ।

बुद्धको प्रतिमा तथा कलशको छेउमा भिक्षुको निम्ति आसन विछ्याइएको हुनु पर्छ । अनि वर वधु दुवैलाई मण्डपमा ल्याइन्छ । वर पक्ष बुद्ध प्रतिमाको दाहिने तिर र वधू पक्ष बायाँतिर वसिसकेपछि विवाह कर्म गराउन भिक्षु वा बौद्ध आचार्यलाई बोलाइन्छ । उनले आशन ग्रहण गरेपछि वर र वधु दुवैले उनीबाट त्रिशरणसहित पञ्चशील ग्रहण गर्छन् । यसपछि भिक्षुले परित्राणमा आव्हान सूत्र, महामङ्गल सूत्र, पाठ गर्छन् । त्यसपछि भिक्षुले बर र बधुलाई पालैसँग निम्नानुसार प्रतिज्ञा गराउँछन् ।

## बरबाट गरिने प्रतिज्ञा

मैले भगवान् बुद्धले देशना गर्नु भएको गृही विनय अनुसार निम्न पाँच कर्तव्य पत्नीको सम्मानमा जीवनभर पालना गर्नेछु ।

| | |
|---|---|
| १ सम्मानाय | मैले आफ्नी पत्नीको सम्मान गर्नेछु । |
| २. अवमानाय | मैले आफ्नी पत्नीको अपमान गर्ने छैन । |
| ३. अनतिचरियाय | मैले व्यभिचार गर्ने छैन । आफ्नी पत्नीको विश्वास पात्र बन्ने छु । |
| ४. इस्सरियवोस्सेगन | आफ्नो शक्ति अनुसार सम्यक् रुपले कमाएको |


Downloaded from http://dhamma.digital

धन, दौलत र वस्तु आदिबाट आफ्नी पत्नीलाई सन्तुष्ट राख्नेछु ।

५. अलङ्कारानुप्पदानेन मैले आफ्नी पत्नीलाई यथाशक्य गहना आदि दिएर सबै प्रकारबाट खुसी पार्नेछु ।

## बधुबाट गरिने प्रतिज्ञा

मैले भगवान् बुद्धले देशना गर्नु भएको गृहीविनय अनुसार निम्न पाँच कर्तव्य पतिको सम्मानमा जीवनभर पालना गर्नेछु ।

१. सुसंविहित कम्मन्ता मैले आफ्नो घरको सबै काम राम्रोसँग गर्नेछु ।

२. संगहित परिजना मैले घरका परिवार, परिजन र नोकर चाकर सबैलाई प्रसन्न तथा अनुशासन पालना गराउने छु ।

३. अनतिचरियाय मैले व्यभिचार गर्ने छैन । आफ्नो पतिको विश्वास पात्र बन्ने छु ।

४. समतस्स अनुरक्खन- मैले पतिले कमाएको धन धौलतको रक्षा गर्ने छु ।

५. दखा च अनलसा च- मैले घरको सम्पूर्ण काम कार्वाही दक्ष तथा आलस्य रहित भएर गर्नेछु ।

यति प्रतिज्ञा गराइसकेपछि भिक्षुले जय मङ्गल सूत्र, करणीय मैत्रीसूत्र पाठ गर्छन् । यो पाठ गर्दा बर बधू दुवैले आदरपूर्वक हात जोडेर परित्राण पाठ सुन्नु पर्दछ, अन्य उपस्थितजनले पनि गौरवपूर्वक हात जोडेर परित्राण पाठ श्रवण गर्छन् । पाठ सकेपछि वर वधुलाई उठाइ पहिले तयार गरी ल्याईराखेका दुईवटा पुष्पमालामा एउटा माला लिएर पहिले बधू (दुलही) ले बर (दुलहा) को गलामा पहिऱ्याई प्रणाम गर्नुपर्छ । त्यसको लगत्तै पछि दुलाहाले पनि अर्को पुष्पमाला लिई दुलहीलाई पहिऱ्याई सिन्दुर लगाइ दिन्छ । आ-आफ्नो चलन अनुसार



Downloaded from http://dhamma.digital

कसैले औंठी पनि लगाइदिन्छ । त्यसबेला दुलहीले टाउकोमा घुम्टो राखेको हुँदैन । बौद्धहरुमा यसरी घुम्टो राख्ने प्रथा छुँदा पनि छैन । यो माल्यार्पण गर्दा भिक्षुले महाजयमङ्गल गाथा पाठ गरेको हुन्छ ।

त्यसपछि दुलाहाको हातमाथि दुलहीको हात राख्न लगाएर भिक्षुले निम्न गाथा पाठ गरिरहन्छ । दुलहीको अभिभावकले कलशबाट केही पानी अर्को भाँडामा लिएर दुलहीको हातमा पानी तीन पटक खन्याई जीउमा छर्किदिन्छ । दुलहीको हातमा खन्याएको पानी दुलाहाको हातमा परी भुइँमा पर्ने हुन्छ ।

भवतु सब्ब मङ्गलं रवखन्तु सब्ब देवता ।
सब्ब बुद्धानुभावेन सदा सोत्थि भवन्तु ते ॥
भवतु सब्ब मङ्गलं रक्खन्तु सब्ब देवता ।
सब्ब धम्मानुभावेन सदा सोत्थि भवन्तु ते ।
भवतु सब्ब मङ्गलं रक्खन्तु सब्ब देवता ॥
सब्ब संघानुभावेन सदा सोत्थि भवन्तु ते ।
इच्छितं पत्थितं तुह्यं खिप्पमेव समिज्झतु ।
सब्बे पुरेन्तु चित सङ्कप्पा चन्दो पन्नरसो यथा ॥

यति काम सकेपछि कलशमा बेरिराखेको सूत्र (धागो)को केही भाग लिएर बर बधूलाई (बरलाई दाहिने नाडिमा र बधुलाई बायाँ नाडीमा) क्रमशः बाँधिदिन्छ र कलशको जल पञ्चपल्लवले तीन पटक बरबधु दुबैलाई छर्किदिन्छ । त्यसपछि आफ्नो गच्छेअनुसार बरबधुलाई उपहार प्रदान गर्दछन् ।

मङ्गलको निमित्त सूत्र (धागो)ले बाध्ने बेलामा भिक्षुले निम्न गाथा पढ्छन् ।

सब्बे बुद्धा बलप्पत्ता पच्चेकानञ्च यं बलं ।
अरहन्तानञ्च तेजेन रक्खं बन्धामी सब्बसो ॥



Downloaded from http://dhamma.digital

त्यसपछि सबैको आशिर्वाद लिएर बर-बधू विवाह मण्डपबाट निस्कन्छन् । यसरी विवाह संस्कार सम्पन्न हुन्छ । अन्तमा आगन्तुक पाहुना लगायत सबै इष्टमित्र बन्धु बान्धवहरुलाई यथा श्रद्धा जलपान भोजनद्वारा सम्मान गरेर भिक्षुलाई सम्मानपूर्वक भोजन दानप्रदान गरी बिदा दिन्छन् ।

यो विवाह कार्यमा भिक्षु नभए अनागारिका, अनागारिका पनि नपाइएमा शीलवान् कोही बयोबृद्ध वा भान्जा ज्वाईहरुबाट पनि यो कर्म चलाउने गर्छन् । कहींकहीं बौद्ध लामा, घेलु आचार्यहरुबाट पनि यही विधि अनुसार विवाह कर्म गराउँछन् ।

## ८. (क) प्रवज्या

बौद्ध धर्ममा प्रचलित स्थिति अनुसार जीवनमा एकपटक सबैले प्रवर्जित हुनुपर्ने हुन्छ । प्रवर्जित भएको व्यक्तिलाई श्रामणेर भन्ने गर्छ । यसरी प्रवर्जित भई श्रामणेरले त्रिशरण सहित दशशील पालन गर्नुपर्ने हुन्छ । यो श्रामणेर दिक्षा सात दिन, पन्ध्र दिन, एक महिना, तीन महिनादेखि लिंएर इच्छा सुविधा अनुसार जति अवधिको लागि पनि लिन सकिन्छ । यो दिक्षा लिएपछि विहारमा भिक्षुहरुको साथमा बसेर परियत्ति र प्रतिपत्ति (ध्यान भावना) को अध्ययन मनन गरी बिताउँछन् । यो दिक्षा कुनै स्थविर भिक्षुबाट नै ग्रहण गर्न सकिन्छ । कुनै गृहस्थले वा नवक भिक्षुले यो दिक्षा दिन सक्दैन । यसलाई जीवनमा जुनसुकै बेलामा पनि आफ्नो सुविधाअनुसार ग्रहण गर्न सकिन्छ । यसको विधि विनय पिटकमा पूरा वर्णन गरेको छ ।

## ८. (ख. शीलवती (अनागारिका)

केटा मानिस प्रवजित भए जस्तै केटी मानिस पनि गृहत्याग गरी शिलवती बन्ने चलन छ । शीलवती (अनागारिका)ले पनि



Downloaded from http://dhamma.digital

त्रिशरणसहित दशशील पालना गर्नुपर्ने हुन्छ । शीलवती (अनागारिका) दिक्षा पनि श्रामणेर दिक्षा झैं इच्छानुसार ३ महिनादेखि जीवनभरसम्मको लागि लिन सकिन्छ । यो दिक्षा लिएपछि विहारमा अनागारिका गुरुमाहरुसँगै बसेर परियत्ति, प्रतिप्रत्ति (ध्यान भावना) को अभ्यास गरी त्यागमय जीवन बिताइन्छ । यो दिक्षा शीलवती (अनगारिका) गुरुमाहरुको विहारमा अनागारिकहरुले नै दिन्छन् । शीलवती (अनागारिका) हरु नभएको ठाउँमा स्थविर भिक्षुहरुले पनि दिने गरेका छन् । यो दिक्षा जीवनमा कुनै पनि बेलामा दिन सकिन्छ । तर जुनसुकै अनागरिका भए पनि नवक भिक्षु र श्रामणेरहरुलाई तिनीहरुले बस्दा मान सत्कार गर्नुपर्ने हुन्छ ।

## ९. उपसम्पदा

यो दिक्षा ती श्रामणेरहरु र व्यक्तिहरुलाई दिइन्छ । यो जीवन पर्यन्त भिक्षु भएर बस्न चाहन्छन् । परन्तु उपसम्पन्न भिक्षु पनि यदि चाहन्छ भने उसले जहिले पनि भिक्षुत्व छोडेर गृहस्थ पनि बन्न सक्छ । बर्मा, श्रीलङ्का, थाइलैण्ड आदि देशहरुमा यस्तो नियमै छ । एक हप्ता, दुई हप्ता, वर्षावास तीन महिना पनि उपसम्पदा लिन सकिन्छ । उपसम्पन्न भिक्षुको निम्ति २२७ वटा नियमहरु छन् । जसलाई तिनीहरुले पालन गर्नुपर्छ । यो दिक्षा मध्येदेशमा १० जना भिक्षुहरुको संघबाट सम्पन्न हुन्छ भने अन्य प्रत्यन्त देशहरुमा ५ जना भिक्षुको संघबाट पनि सम्पन्न गर्ने विधान छ । यो दिक्षाको लागि २० वर्षको आयु र आमाबाबुबाट तथा विवाहित छ भने पत्नीको पनि अनिवार्य रुपले अनुमति प्राप्त गर्नुपर्ने हुन्छ । यो दिक्षाको विधि विनय पिटकमा विस्तारपूर्वक दिइराखेको छ ।

## १०. अन्त्येष्टि

मनुष्य जीवनको अन्तिम संस्कार हो । यसलाई "दाह कर्म" तथा



Downloaded from http://dhamma.digital

मृत्यु "संस्कार" पनि भनिन्छ। यो मरणोपरान्त गरिने संस्कार हो। "दाह कर्म" को अर्थ हो मृत्यु भएको व्यक्तिलाई अग्नि संस्कार गर्नु। "मतक वत्थ" को अर्थ मृत्यु भएको व्यक्तिको नाउँमा मृतकको वस्त्र दान गरी पुण्य गर्ने, भोजन आदि दान गर्ने।

जब कुनै व्यक्ति मृत्युको सन्निकट (नजिक) हुन्छ। उसलाई त्रिरत्न गुण, रतन सूत्र, करणीय मैत्री सूत्र आदि सूत्र पाठ सूत्र सुनाउने गर्छन्। त्यतिबेला भिक्षुहरु छन् भने त राम्रो, छैन भने अनागारिका, अनागारिका पनि पाइएन भने शीलवान् व्यक्तिले पाठ गरी सुनाए पनि हुन्छ। यी पाठ सुन्दा सुन्दै नै मृत्यु भयो भने अति नै शुभ ठान्छन् बौद्धमुलुकहरुमा कोही व्यक्ति मृत्यु हुनुभन्दा पहिल्यै उनको हातमा स्पर्श गराएर चीवर आदि भिक्षुहरुलाई दान गराउने र धार्मिक समुदायलाई पनि दानप्रदान गर्ने चलन छ।

मर्ने बेलामा बिरामीलाई खाट वा विछ्यौनाबाट कहिल्यै उठाउनु हुँदैन। जब मृत्यु हुन्छ (प्राण त्याग गर्छ) अनि मात्र शैय्याबाट उठाएर उसलाई अर्कै खाट वा मञ्चमा सुताएर शुद्ध, स्वच्छ जलले स्नान गराइ सुगन्ध आदि छर्केर त्यसमाथि स्वेत वस्त्रले ढाकिदिनु पर्छ। यदि शरीरमा गहनाहरु लगाइ राखेका छन् भने सबै गहनाहरु फुकाली दिनुपर्छ। अनि एउटा खट जस्तो बनाइ त्यसमाथि राखी फूलमालाहरु र फूलका गुच्छाहरुले सम्मानपूर्वक सजाउनुपर्छ।

जब मृतक लाश श्मसान लगिन्छ त्यतिबेला घरका सबै परिवार, सम्बन्धीहरु तथा छरछिमेकी, इष्टमित्रहरु सबै शवयात्रामा सम्मिलित हुन्छन्। शवयात्रामा भिक्षु, शीलवती (अनागारिका) हरुलाई पनि निमन्त्रणा गरिन्छ। यदि त्यसबेला भिक्षुहरु र अनागारिकाहरु नभएमा शीलवान् उपासक-उपासिकाहरुबाट पनि सबै क्रिया गर्ने गर्छन्। श्मसानमा जति पनि मलामी जान्छन् तिनीहरु बडो सावधानी र



Downloaded from http://dhamma.digital

गम्भीरतापूर्वक शवको पछिपछि शान्तिपूर्वक जान्छन् । त्यतिबेलाको वातावरण नै पूर्ण रुपले वैरागयले युक्त भएको हुन्छ ।

श्मसान पुगेपछि दाउराको चिता बनाइसकेपछि मृतक व्यक्तिको लाश नजिकै सबै मलामीहरु एकत्र भएर बस्छन् । त्यतिबेला सबैले भिक्षुबाट त्रिशरणसहित पञ्चशील ग्रहण गर्छन् । यदि भिक्षु छैन भने सबैले त्रिशरण सहित पञ्चशील ग्रहण गरिसकेपछि मृतकका घरका दायकले एउटा सेतो वस्त्र (कमसे कम २ मिटर) भिक्षुलाई दान गर्छ । यो सेतो वस्त्रलाई मतक बत्थ (मृतकवस्त्र) भनिन्छ । भिक्षु नभएको ठाउँमा मृतक वस्त्र कुनै शील सम्पन्न बौद्ध आचार्यलाई भिक्षु संघको उद्देश्य गरी समर्पण गरिन्छ । बौद्धाचार्यले मतक बत्थ आफूले उपभोग नगरिकन त्यो वस्त्र भिक्षु संघमा यस वस्त्रलाई चीवर आदि बनाइ उपभोग गर्छ । किनभने यो पांसुकूल हो मतक बत्थ दान गर्दा दायकले निम्न वाक्य पढ्नुपर्छः-

" कालकतानं अम्हाकं पुञ्ञंत्थाय इमं मतक वत्थं भिक्खु संघस्स देम ।"

उक्त वाक्य पहिले भिक्षुले पढ्छ अनि पछि पछि दायकले दोहोऱ्याएर भन्ने गर्छ । यदि भिक्षु एकजना मात्र छ भने "भिक्खु संघस्स" भन्नुको सट्टा "भिक्खुस्स" मात्र भन्नुपर्छ । चार वा चार जना भन्दा बढी भिक्षुहरु छन् भने "भिक्खु संघस्स" भन्नुपर्छ ।

यसपछि भिक्षुले निम्न गाथा तीन पटक पाठ गर्नेछ :-

"अनिच्चा वत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरुज्झन्ति तेसं वूपसमो सुखो ॥"

यसलाई उपस्थित सबैले सँगसँगै पाठ गर्नेछ । त्यसपछि भिक्षुले संक्षेपमा अनित्य सम्बन्धि देशना गर्छ । धर्मदिशनापछि मृतकको परिवारले कलश वा कुनै पानीको भाँडोले एउटा बटुका बाटा अथवा थालमा



Downloaded from http://dhamma.digital

राखेर त्यसमाथि बिस्तारै पानी खन्याउँछ र सबैले दुवै हात जोडी एकै स्वरमा निम्न पाठ गर्छन् ।

"इदं वो ञातीनं होतु सुखिता होन्तु ञातयो ।" (तीन पल्ट)

कलश वा पानीको भाँडो खाली हुने गरी सबै पानी खन्याई सकेपछि केही पानी मृतकको लाशमा छरिदिन्छन् । अनि लाशलाई उठाएर चितामा राखी दाउराले राम्रोसँग छोपेर चिता राम्रोसँग जलोस् भन्ने उद्देश्यले ठाउँ ठाउँमा घिउ तेल, दियालो राखिदिनु पर्दछ । अनि मृतक व्यक्तिको खास खास सम्बन्धी पुत्र, दाजुभाइ आदिले तीन पटक चिताको परिक्रमा गरेर नमस्कार गर्नु पर्छ । प्रदक्षिणा गर्दा चिता जहिले पनि दायाँतर्फ परेको हुनुपर्छ । प्रदक्षिणा सिद्धिएपछि शीरतर्फबाट कपुर, अगरबत्ती, श्रीखण्ड आदि सुगन्धित वस्तुहरुले संयुक्त गरी चितामा अग्निदान गर्नुपर्छ ।

चितामा आगो बलेपछि भिक्षु अनागरिका र मलामीहरु फर्कन सकिन्छन् । किन्तु खास सम्बन्धितहरु मृतकको लाश खरानी नहोउञ्जेल त्यहीं बसेर मद्दत गर्नुपर्छ । दाह कर्म सिद्धिसकेपछि चित्तामा पानीले आगो निभाएर अस्थि स्तूप बनाउने विचार भए केही अस्थि छानेर लिई बाँकी खरानी र अस्थिहरु नदीमा प्रवाहित गर्नुपर्छ । नदी नभएको श्मसानमा भए भूमिमा गाडेर छोडिदिनुपर्छ । अनि अस्थिलाई आफ्नो श्रद्धानुसार स्तूप बनाइ पूजा गरिन्छ । स्तूप बनाउने इच्छा छैन भने माथिका विधि अनुसार अस्थि नदीमा प्रभावित गरिदिन्छ । कसैको दाह गर्ने क्षमता छैन भने जलाउनुको सट्टा माथि लेखिएको विधि पुऱ्याई भूमिमा गाड्ने चलन पनि छ । त्यसपछि सबैले स्नान गरी आ-आफ्नो कपडा सफा गरी शुद्ध गर्नुपर्छ ।

जुन घरमा मानिसको मृत्यु भएको छ त्यो घरमा लिपपोत गरी शुद्ध गरेर सुगन्धित धूपहरु चारैतिर बालिदिनु पर्छ । ताकि कुनै



Downloaded from http://dhamma.digital

पनि दूषित क्रिटाणु त्यहाँ रहन नपाओस्। तसर्थ मृतकको शव लैजानुभन्दा अगावै तिनले लगाइराखेको लुगाफाटा र बिछ्यौना सुकुलहरु पनि फ्याक्न लगाइन्छ र मृतक सुताइने ठाउँमा पनि पहिले नै गोबरले पोतेर मात्र मृतकलाई सुताइन्छ। लाश उठेपछि त्यो ठाउँमा बढारेर धूप, दीप बालेर शुद्ध पार्छ। त्यस ठाउँमा लसपस नगरोस भन्ने हेतुले नचोख्याउन्जेल त्यहाँ कसैलाई टेक्न दिदैन।

मृत्यु भएको सातौं, दशौं, बाह्रौ वा तेह्रौ दिन सुविधानुसार मृतक व्यक्तिको पुण्यार्थ भिक्षुहरु बोलाई मतक भत्त भोजन आदि दान गरिन्छ। यसको निम्ति १-२ दिन अगावै भिक्षुलाई निमन्त्रणा गरी निम्ताएको हुन्छ। यदि भिक्षुहरु पाइएन भने शीलवान् बौद्ध आचार्य परिवार विद्वान् गृहस्थ र याचकहरुलाई भोजन गराउँछ।

यसको निम्ति बिहान सबेरै घरमा सफा सुग्घर गरी ११ बजेसम्ममा भोजन तयार गरिन्छ। किनभने भिक्षु तथा अनागारिकाहरुले १२ बज्दैमा खाना सिध्याउनुपर्छ। १२ बजेपछि उनीहरु भोजन गर्दैनन्। यसमा ध्यान दिनुपर्छ। भिक्षुहरु आउनु भएपछि सम्मानपूर्वक सत्कार गरी उहाँहरुलाई बिछ्याइराखेको आसनमा मिलाएर बसाउनुपर्छ। आफूले तयार गरिराखेको भोजन व्यन्जन अलि अलि थालमा राखी पहिले बुद्ध प्रतिमाको अगाडि चढाउनुपर्छ। अनि भिक्षुहरुको अगाडि पस्किराखेको भोजन राखेर त्यसलाई शुद्ध वस्त्रले ढाकेर परिवारका सबै मानिस आएर भिक्षुलाई प्रणाम गरी त्रिशरण सहित पञ्चशील ग्रहण गर्नुपर्छ। अनि हात जोडेर तलको गाथा पढेर भोजन दान गर्नुपर्छ।

"कालकतानं अम्हाकं ञातिनं उद्दिसन इमं भिक्खं/भिक्खु संघस्स देम।"

भोजन अर्पणपछि भिक्षुहरुले भोजन गरिसकेपछि हात मुख धुन दिई पहिले श्मसानमा गरे जस्तै एउटा कलश वा पानीको भाँडोले पानी



Downloaded from http://dhamma.digital

थाली या बाटामाथि एउटा बटुका राखी त्यसमा मृतक व्यक्तिको मूलीले बिस्तारै पानी खन्याई पुण्यानुमोदन गरिन्छ ।

त्यसपछि सो खन्याइएको पानी कुनै फूलको बिरुवामा राखिदिने र भिक्षुलाई मसला इच्छानुसार दान दिइन्छ । यति काम सकिएपछि मूल भिक्षुले उपदेश गरेर पुण्यानुमोदन गर्छ । त्यस दिनको उपदेश अनित्य दुःख अनात्म सम्बन्धी हुन्छ ।

परिवारका सबैले हात जोडी यसरी पाठ गर्छन् । यसलाई पहिले भिक्षुले एक पटक भनिदिन्छ, अनि सबैले एकै स्वरमा दोहोऱ्याई पाठ गर्छन्:-

एत्तावता च अम्हेहि सम्भतं पुञ्ञ सम्पदं ।
सब्बे देवा अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया ॥
दानं ददन्तु सद्धाय सीलं रक्खन्तु सब्बदा ।
भावना भिरता होन्तु गच्छन्तु देवता गता ॥
आकासट्ठा च भूमट्ठा देवा नागा महिद्धिका ।
पुञ्ञं तं अनुमोदित्वा चिरं रक्खन्तु सासनं ।
पुञ्ञं तं अनुमोदित्व चिरं रक्खन्तु देसनं
पुञ्ञंतं अनुमादित्वा चिर रक्खन्तु त्वंसदाति ।
इमिना पुञ्ञं कम्मेन मामे बाल समागमो ।
सतं समागमो होतु याव निब्बाण पत्तिया ॥
साधु ! साधु !! साधु !!!

त्यसपछि सबैले भिक्षुहरुलाई प्रणाम गर्छन् अनि आशिर्वाद यसरी दिन्छन् :-

अभिवादन सीलिस्स निच्चं वुद्धापचायनो ।
चत्तारो धम्मा वड्ढन्ति आयु वण्णो सुखं बलं ॥

अनि सबै भिक्षुहरु बिदा भएर फर्कन्छन् । यसरी अन्तेष्टी क्रिया सम्पन्न



Downloaded from http://dhamma.digital

हुन्छ ।

कुनै खास व्यक्तिको तृप्ति एवं संस्कारको उद्देश्यले श्रद्धापूर्वक केही दान प्रदान आदि गर्ने कर्मलाई "श्राद्ध" भनिन्छ । मतक भक्त पनि यसैलाई भनिन्छ । हुन त जीवित अवस्थामा पनि सबै ठाउँमा एक अर्कासँग प्रीति स्नेहपूर्वक व्यवहार गरेर सद्भावना प्रकट गरिन्छ । परन्तु मृत्युपछि पनि आफ्ना पूज्य स्वजन सम्बन्धीहरुको स्मरण तथा सम्मानार्थ केही दान प्रदान गरेर पुण्य कर्म गर्नु सभ्य शिष्ट समाजको कर्तव्य हुन आउँछ । यसै कारणले मृत्यु संस्कार एवं मतक भत्त तथा वर्षेनी आफ्ना मृत स्वजनको संस्मृतिमा श्रद्धापूर्वक दानप्रदान गर्ने चलन धेरैजसो मुलुक एवं समाजमा कुनै न कुनै रुपमा चलि नै रहेको छ ।

### ११. गृह मङ्गल-घर पनिस्था

जब कुनै नयाँ गृह निर्माण हुन्छ तब त्यस गृहको मङ्गल कार्य जन धारणा छ कि, गृह निर्माण गर्दा अनेक स्थानबाट हरेक निर्माण सामग्रीहरु ल्याई निर्माण कार्य सम्पन्न गरिन्छ । तसर्थ ती सबै सामाग्रीहरुबाट कुनै दुषित वातावरणले छोएको भए शान्ति स्वस्तीको निमित्त गृह मङ्गल-घर पनिस्था गर्ने चलन निम्न अनुसार कर्म गरिन्छ ।

सर्वप्रथम बुद्धको प्रतिमा स्थापना गरी भिक्षु अथवा अनागारिकाबाट त्रिशरण, पञ्चशील ग्रहण गरी बुद्ध पूजाद्वारा आह्वान सूत्र, मङ्गल सूत्र, रतन सूत्र, मैत्रीसूत्र आदि परित्राण गराई परित्राणको सूत्रले घरलाई घेरी घरको सबै ठाउँमा जल छरेर दान पुण्य कार्य गरी गृह मङ्गल-घर पनिस्था कर्म सम्पन्न गरिन्छ । भिक्षु अथवा अनागारिका नभएको स्थानमा शीलवान गृहस्थ उपासकबाट पनि गृह मङ्गल कार्य सम्पन्न गरिन्छ ।



Downloaded from http://dhamma.digital

# त्रिरत्न वन्दना र परित्राण

## त्रिशरण विधि

बौद्ध परम्परा अनुसार "बुद्ध, धर्म र संघ" यी तीन शरणमा जाने विधिलाई त्रिशरण भनिन्छ ।

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

(तीन पटक पाठ गर्ने)

अर्थः- उनी भगवान् अर्हत सम्यक् सम्बुद्धलाई नमस्कार

बुद्धं शरणं गच्छामि- म बुद्धको शरणमा जान्छु ।
धम्मं शरणं गच्छामि- म धर्मको शरणमा जान्छु ।
संघं शरणं गच्छामि- म संघको शरणमा जान्छु ।

दुतियम्पि बुद्ध शरणं गच्छामि ।
दुतियम्पि धम्म शरणं गच्छामि
दुतियम्पि संघ शरणं गच्छामि ।

दोस्रो पटक पनि म बुद्ध, धर्म र संघको शरणमा जान्छु ।

तातियम्पि बुद्धं शरणं गच्छामि ।
ततियम्पि धम्मं शरणं गच्छामि ॥
ततियम्पि संघं सरणं गच्छामि ॥

तेस्रो पटक पनि म बुद्ध, धर्म र संघको शरणमा जान्छु ।

## पञ्चशील

बौद्ध परम्परामा कुनै पनि पुण्य कार्य गर्नु भन्दा अघि पञ्चशील ग्रहण गर्नु आवश्यक छ । शीलको शाब्दिक अर्थ "सदाचार" हो पञ्चशील ग्रहण गर्नु अघि त्रिशरण जानुपर्छ । पाँचवटा सदाचारलाई पालना गर्ने विधि भएको हुनाले पञ्चशील भनिएको हो ।



Downloaded from http://dhamma.digital

१. पाणातिपाता वेरमणि सिक्खापदं समादियामि ।
२. अदिन्नादाना वेरमणि सिक्खापदं समिादियामि ।
३. कामेसु मिच्छाचारा वेरमणि सिक्खापदं समादियामि
४. मुसावादा वेरमणि सिक्खापदं समादियामि ।
५. सुरामेरय मज्जपमादट्ठाना वेरमणि सिक्खापदं समादियामि

**अर्थः**

१. म प्राणी हिंसा गर्नुबाट रहित भई बस्छु भन्ने शिक्षा धारण गर्छु ।
२. म अर्काको चीज लोभ चित्तले लिदैन भन्ने शिक्षा धारण गर्छु ।
३. म आफ्नो विवाहित स्त्री वा पुरुष छाडी अरु स्त्री वा पुरुषसँग गमन गर्दिन भन्ने शिक्षा धारण गर्छु ।
४. म असत्य झूठ बोल्दिन भन्ने शिक्षा धारण गर्छु ।
५. म रक्सी, जाँड, गाँजा अफिम आदि बेहोश हुने कुनै पनि नशालु चीज सेवन गर्दिन भन्ने शिक्षा धारण गर्छु ।

## त्रिरत्न बन्दना विधि

प्रत्येक बौद्धको कर्तव्य यो हो कि बिहान एवं साँझ को समयमा त्रिरत्न वन्दना गर्ने बुद्ध, धर्म र संघलाई त्रिरत्न भन्दछन् । त्रिरत्न गुण स्मरण गरी वन्दना गर्नाले चित्त शान्त, मानसिक सन्तोष हुन्छ र त्रिरत्न स्मरणद्वारा पुण्य लाभ हुन्छ ।

### बुद्ध वन्दना

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

इतिपि सो भगवा अरहं सम्मासम्बुद्धो विज्जाचरण सम्पन्नो सुगतो लोकविदू अनुत्तरो पुरिसदम्म सारथी सत्था देव मनुस्सानं बुद्धो भगवा ति ।



Downloaded from http://dhamma.digital

नमो तस्स सम्मासम्बुद्धस्स

ये च बुद्धा अतीता च- ये च बुद्धा अनागता ।
पच्चुप्पन्ना च ये बुद्धा- अहं वन्दामि सब्बदा ॥
नत्थि मे सरणं अञ्ञं- बुद्धो मे सरणं वरं ॥
एतेन सच्चवज्जेन होतु मे जय मङ्गलं ॥
उत्तमङ्गेन वन्देहं पादपंसु वरुत्तमं ।
बुद्धे यो खलितो दोसो बुद्धो खमतु तं ममं ।
बुद्धं जीवित परियन्तं सरण गच्छामि ।

**बुद्ध वन्दनाको अर्थ:-**

उनी भगवान् अर्हत सम्यक् सम्बुद्धलाई नमस्कार ।

उनी भगवान् अर्हत ब्रह्मादि देव मनुष्यहरुले पूजा गर्न योग्य, राग, द्वेष, मोहादि सम्पूर्ण शत्रुलाई दमन गरी सक्नु भएको कहिल्यै गुप्त पाप गर्नु नभएका, सम्पूर्ण धर्मलाई विशेष रुपले स्वयं जानेर ग्रहण गरेका, तीन विद्या र आठ विद्या अनि प्रन्ध आचरणले सम्पूर्ण भएको । मृत्यु हुनबाट रहित भइरहेको निर्वाण मार्गमा राम्रोसँग गमन गरेको, सप्तलोक, संखार लोक र आकास लोक- यी तीनै लोकलाई जानेको, देव, मनुष्य तीर्यक र बेनेय्य प्राणीहरुलाई असदिस (बेजोड) रुपले सभ्य हुने गरी दमन गर्ने सारथी समान भएको ब्रह्म, देव, मनुष्यहरुको शास्ता गुरु हुनु भएका । ६ प्रकारको भाग्य र गुणले सम्पन्न भएको हुन्छ ।

यस्ता उनी सम्यक् सम्बुद्धलाई नमस्कार ।

पहिलेका बुद्धहरु, पछि हुन आउने बुद्धहरु र अहिलेका बुद्धहरुलाई पनि म सधैं वन्दना गर्दछु ।

बुद्ध बाहेक मलाई अरु शरण छैन, बुद्ध नै उत्तम शरण हो । यो सत्य वचनको प्रभावले मलाई जयमङ्गल होस् । उनको पाउको धूलोलाई पनि म श्रेष्ठोत्तम सम्झेर शीरले बन्दना गर्दछु । यदि बुद्धप्रति



Downloaded from http://dhamma.digital

केही अपराध गरी राखेको भए मलाई बुद्धले क्षमा गरियोस् । जीवन छुउन्जेल म बुद्धकै शरणमा जान्छु ।

## धर्म वन्दना

स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको अकालिको एहिपस्सिको ओपनयिको पच्चत्तं वेदितब्बो विञ्ञुही ती ।

नमो तस्स निय्यानिकस्स धम्मस्स ।

ये च धम्मा अतीता च- ये धम्मा अनागता ।

पच्चुप्पन्ना च ये धम्मा- अहं वन्दामि सब्बदा ॥

नत्थि मे सरणं अञ्ञं धम्मो मे सरणं वर ।

एतेन सच्चवज्जेन होतु मे जयमङ्गल ॥

उत्तमङ्गेन वन्देहं धम्मं च दुविधं वरं ।

धम्मे यो खलितो दोसो- धम्मो खमतु तं ममं ॥

धम्मं जीवित परियन्तं शरणं गच्छामि ।

**धर्म वन्दनाको अर्थः-**

उनी भगवान् बुद्धले गर्नु भएको धर्म आदि, मध्ये अन्त्यसम्म कल्याण हुने, यहाँको यहीं फल दिने अथवा आर्य पुद्गलहरु आफैले साक्षात्कार गर्न योग्य भएको, समय नबित्दै फल प्राप्त हुने, आएर हेर भनिकन बोलाई देखाउन योग्य भएको, आर्यहरुलाई निर्वाणसम्म पुऱ्याइदिने, विद्वान्हरूले अलग-अलग छुट्याई आफैले अनुभव गरेर जानीबुझी लिन सकिने भएको हो त्यस्तो निर्वाणमा पुऱ्याउने धर्मलाई नमस्कार ।

पहिले भएको धर्म, पछि हुने धर्म र अहिले भएको धर्मलाई पनि म सदैव नमस्कार गर्दछु । धर्म बाहेक मेरो अरु शरण छैन । धर्म नै उत्तम शरण हो । यो सत्य वचनको प्रभावले मलाई जयमङ्गल होस् ।



Downloaded from http://dhamma.digital

लौकिक र लोकोत्तर दुवै प्रकारले पनि उत्तम भएको धर्मलाई म शींरले वन्दना गर्दछु । यदि धर्मप्रति केही अपराध गरिराखेको भए मलाई धर्मले क्षमा गरियोस् ।

जीवन छुउञ्जेस म धर्मको शरणमा जान्छु ।

**संघ वन्दना**

सुपटिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावक संघो, सामीचिपटिपन्नो भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो दक्खिणेय्यो, अञ्जली करणियो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्साति ।

नमो तस्स अट्ठारियो पुग्गल महासंघस्स ।

ये च संघा अतीता च- ये च संघा अनागता ।

पच्चुप्पन्ना च ये संघा- अहं वन्दामि सब्बदा ॥

नत्थि मे सरणं अञ्ञं- संघो मे सरणं वरं ।

एतेन सच्च वज्जेन होतु मे जयमङ्गलं ॥

उत्तमङ्गेन वन्देहं संघं च तिविधुत्तमं ।

संघे यो खलितो दोसो संघो खमतुतं ममं ॥

संघं जीवित परियन्तं सरणं गच्छामि ॥

**संघ बन्दनाको अर्थः-**

उनी भगवान् बुद्धका श्रावक संघहरु, जस्तो उपदेश गर्नु भएको हो त्यस्तै आचरण गर्नु हुने, सोझो आचरण गर्नु हुने, निर्वाणको हेतुले आचरण गर्नु हुने, आदर सत्कार गर्न योग्य रुपले आचरण गर्नु हुने, यस्ता चार मार्ग र चार फलका हिसाबले जुन चार जोडा उत्तम पुरुषहरु हुनु हुन्छ उहाँहरु एकएक हिसाबले आठ जना पुद्गलहरु हुनुहुन्छ, उहाँहरु आव्हान गर्न योग्य हुनुहुन्छ । आतिथ्य सत्कार गर्न योग्य हुनु हुन्छ, निर्वाणसम्मको विश्वास राखिदिएको दानलाई ग्रहण गर्न योग्य हुनुहुन्छ



Downloaded from http://dhamma.digital

उत्तम फल दिने आशाले हात जोडी बिन्ती गर्न योग्य हुनुहुन्छ, ब्रह्मा, देव, मनुष्य तीनै लोकमा बेजोड भएको पुण्य रुपी बीउ रोप्ने उत्तम खेत समान हुनुहुन्छ ।

त्यस्ता आठ पुद्गल महासंघलाई नमस्कार ।

पहिले भएका संघहरु, पछि हुने संघहरु र अहिले भएका संघहरुलाई पनि म सधें वन्दना गर्दछु ।

संघ बाहेक मेरो अरु शरण छैन । संघ नै उत्तम शरण हो ।

यो सत्य वचनको प्रभावले मलाई जयमङ्गल होस् ।

तीन प्रकारले उत्तम संघलाई म शीरले वन्दना गर्दछु । यदि संघप्रति कुनै अपराध भए मलाई संघले क्षमा गरियोस् । जीवन छउञ्जेल म संघको शरणमा जान्छु ।

## बुद्ध पूजा विधि

तथागत सम्यक् सम्बुद्धको गुण तथा उहाँले देशना गर्नु भएको धर्मको गुण र सो धर्ममा लागेका आर्य संघको गुण स्मरणका साथै त्रिरत्नको सम्मानमा स्वच्छ चित्तद्वारा श्रद्धा उत्पन्न भएको बेलामा हामीले जे जति पुष्प, धूप, दीप नैवद्यादि फलफूलद्वारा पूजा गर्छौं अर्चना गर्छौं, त्यसबाट हामीलाई अपार शान्ति लाभ हुन्छ । तसर्थ यस्तो पूजा गर्दा काय, बाक चित्त-तीनै अङ्गबाट पूजा गर्नु उपयुक्त हुने हुनाले यहाँ पूजाको वाक्य पनि प्रस्तुत गरिन्छ ।

### चोखो पानी पूजा

अधिवासेतु नो भन्ते, पानीयं उपनामितं ।
अनुकम्पं उपदाय पटिगण्हातु उत्तमं ॥

**अर्थ**:- भो भगवान् म पिउने पानी चढाउँदैछु, स्वीकार गर्नुहोस् ।


Downloaded from http://dhamma.digital

हामीमाथि अनुकम्पा राखि ग्रहण गर्नुहोस् ।

**खाद्य पदार्थ पूजा**

अधिवासेतु नो भन्ते, खज्जकं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥

भो भगवान् ! म खाद्य पदार्थ चढाउदै छु, स्वीकार गर्नुहोस् । हामीमाथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

**फलफूल पूजा**

अधिवासेतु नो भन्ते, फलानि उपनामित ।
अनुकम्पं उपादाय, पटिगण्हातु उत्तम ॥

भो भगवान् ! हजुरलाई फलफूल चढाउँदै छु स्वीकार गर्नुहोस् ।
हामीमाथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

**पुष्प पूजा**

वण्ण गन्ध गुणोपेतं, एतं कुसुम सन्तति ।
पूजयामि मुनिन्दस्स, सिरिपाद सरोरुहे ॥

पूजेमि बुद्धं कुसुमेननेन, पुञ्ञेन मेतेन च होतु मोक्खं । पुप्फं मिलियाति तथा इदम्मे, कायो तथायाति विनास भावं ।

वर्ण र सुवास युक्त भएको यो फूलद्वारा मुनीन्द्र भगवान् बुद्धको चरणमा पूजा गर्दछु । यो पुष्पद्वारा बुद्धलाई पूजा गर्दछु । यसको पुण्यले मलाई मोक्ष लाभ होस् । यो फूल सुकेर गए झैं यो मेरो शरीर पनि विनाश भएर जानेछ ।

**धूप पूजा**

गन्ध सम्भार युत्तेन, धूपेनाहं सुगन्धिना ।
पूजये पूजनय्यानं, पूजा भाजन उत्तमं ॥

पूजा गर्न उत्तम पात्र हुनु भएका उनी पूजनीय भगवान् बुद्धलाई सुगन्धयुक्त धूपद्वारा पूजा गर्दछु ।



Downloaded from http://dhamma.digital

## प्रदीप पूजा

घनसारप्प दित्तेन, दीपेन तम धंसिना ।
तिलोक दीपं सम्बुद्धं पुजयामि तमोनुदं ॥

त्रिलोकमा प्रकाश हुनु भएका सम्यक् सम्बुद्धलाई अन्धकार नाश गर्ने यो प्रदीपद्धारा पूजा गर्दछु ।

## भोजन पूजा

अधिवासेतु नो भन्ते, भोजनं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥

भो भगवान् । हजुरलाई भोजन चढाउदै छु । स्वीकार गर्नुहोस् । हामीमाथि अनुकम्पा राखि ग्रहण गर्नुहोस् ।

## व्यञ्जन पूजा

अधिवासेतु नो भन्ते, व्यञ्जनं उपनामितं ।
अनुकम्पं उपादाय, पटिण्हातु उत्तमं ॥

भो भगवान् ! हजुरलाई व्यञ्जन चढाउदै छु, स्वीकार गर्नुहोस् । हामीमाथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## औषधि पूजा

अधिवासेतु नो भन्ते, भेसज्जं उपनामितं ।
अनुकम्पं उपदाय, पटिगण्हातु उत्तमं ॥

भो भगवान् ! हजुरलाई औषधि चढाउँदै छु, स्वीकार गर्नुहोस् । हामीमाथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## सर्वत् पूजा

अधिवासेतु नो भन्ते, पानकं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥

भो भगवान् ! हजुरलाई सर्वत चढाउँदै छु, स्वीकार गर्नुहोस् । हामीमाथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।



Downloaded from http://dhamma.digital

## चैत्य वन्दना

बन्दामि चेतियं सब्बं, सब्ब ठानेसु पतिट्ठितं ।

सारीरिक धातु महाबोधिं, बुद्ध रुपं सकलं सदा ॥

सबै ठाउँमा प्रतिष्ठत चैत्य भइराखेका सबै बुद्धका पवित्र अस्थी धातु अनि महावोधि वृक्ष र सबै बुद्ध रुपलाई समेत म सधैं वन्दना गर्दछु ।

## क्षमा याचना

कायेन वाचा चित्तेन, पमादेन मयाकतं ।

अच्चयं खममे भन्ते, भूरिपञ्ञो तथागत ॥

भो भगवान् ! यदि मैले काय, वाक र चित्तद्वारा प्रमादवश कुनै अपराध गरिराखेको भए गम्भीर प्रज्ञावान हुनु भएका तथागतले मलाई क्षमा गरियोस् ।

## आशिका

इमाय बुद्ध पूजाय, कताय सुद्ध चेतसा ।

चीरं तिट्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ।

शुद्ध चित्तले गरेको यो बुद्ध पूजाद्वारा प्राप्त हुने पुण्यको प्रभावले तथागतको सद्धर्म चीर स्थायी होस् सम्पूर्ण लोक खुसी होस् ।

इमाय बुद्ध पूजाय, यं पुञ्ञं पसुतं मया ।

सब्बं तं अनुमोदित्वा, सब्बेपी तुट्ठ मानसा ॥

यो बुद्ध पूजाद्वारा मलाई जति पनि पुण्य लाभ हुने हो, ती सबै पुण्यदेखि सन्तुष्ट भइकन सबैले अनुमोदन गरुन् ।

पुरेत्वा दानसीलादि, सब्बापि दशपारमि ।

पत्वा यथिच्छितं बोधिं, फुस्सन्तु अमतंपदं ॥

दान शील आदि दशपारमिता सबै पूर्ण गरी आफ्नो इच्छानुसार उत्तम बोधि प्राप्त गरी निर्वाण सुख प्राप्त होस् ।



Downloaded from http://dhamma.digital

## प्रतिपत्ति पूजा

इमाय धम्मानुधम्म पटिपत्तिया, बुद्धं पूजेमि ।

इमाय धम्मानुधम्म पटिपत्तिया, धम्मं पूजेमि ।

इमाय धम्मानुधम्म पटिपत्तिया, संघं पूजेमि ।

अद्धा इमाय पटिपत्तिया, जाती जरा व्याधि

मरणह्मा परिमुञ्चिस्सामि ।

यो धर्मानुकूल भएको धर्माचरणद्वारा बुद्धलाई पूजा गर्दछु । यो धर्मानुकूल भएको धर्माचरणद्वारा धर्मलाई पूजा गर्दछु । यो धर्मानुकूल भएको धर्माचरणद्वारा संघलाई पूजा गर्दछु । यी धर्माचरणद्वारा अवश्य नै जन्म, जरा व्याधि र मरणबाट मुक्त हुनेछु ।

## कामना

इमिना पुञ्ञ कम्मेन मा मे वाल समागमो ।

सतं समागमो होतु याव निब्बाण पत्तिया ॥

यो पुण्यको प्रभावद्वारा मूर्खजनको संगत गर्न नपरोस् । निर्वाण लाभ नहोउञ्जेलसम्म सत्पुरुषहरुकै संगत गर्न पाओस् ।

इदं मे पुञ्ञं आसवक्खया वहं होतु ।

इदं मे पुञ्ञं निब्बाणस्स पच्चयो होतु ।

इदं मे पुञ्ञं सब्बेसत्ता सुखिता भवन्तु ।

यो पुण्यद्वारा मेरो आश्रव क्षय होस् । यो पुण्यद्वारा निर्वाणको हेतु बनोस् ।

यो मेरो पुण्यद्वारा सम्पूर्ण सत्वहरु सुख होओस् ।

## पुण्यानुमोदन

इदं मे ञातिनं होतु, सुखिता होन्तु ञातयो (३ पटक)

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।



Downloaded from http://dhamma.digital

सब्बे देवा अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।
एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।
सब्बे सत्ता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥
एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।
सब्बे भूता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥

यो मेरो पुण्य मेरो सबै ञाति बन्धुहरुलाई पनि प्राप्त होओस् । यो पुण्यको प्रभावले तिनीहरुलाई सुख मिलोस् ।

अहिलेसम्म हामीले प्राप्त गर्दै आएको पुण्य सम्पत्तिलाई सम्पूर्ण देवताहरुले अनुमोदन गरुन् ।

अहिलेसम्म हामीले प्राप्त गर्दै आएको पुण्य सम्पत्तिलाई सम्पूर्ण सत्वहरुले अनुमोदन गरुन् । सबै प्रकारका सम्पत्ति सिद्ध होओस् ।

अहिलेसम्म हामीले प्राप्त गर्दै आएको पुण्य सम्पत्तिलाई सम्पूर्ण भूत (बितेका प्राणी) हरुले अनुमोदन गरुन् । सबै प्रकारको सम्पत्ति सिद्ध होओस् ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital

परित्राण दुई प्रकारका छन् एक प्रकारको परित्राण बुद्ध, धर्म र सङ्घ  सत्य बचनको प्रभावले गर्ने छ भने अर्को कर्तव्य, अकर्तव्य बोध गराएर सदाचारी तुल्याई यो लोक र परलोक सुधार्ने र जीवन सफल गराउने छ। ती दुवै हाम्रो लागि आदि, मध्य अन्तसम्म कल्याणकारी छ।

## आव्हान सुत्त

समन्ता चक्कवालेसु अत्रा गच्छन्तु देवता।
सद्धम्मं मुनिराजस्स सुणन्तु सग्ग मोक्खदं॥
धम्मसवण- कालो, अयं भद्दन्ता। (३ पटक)॥
नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स।
ये सन्ता सन्त-चित्ता, ति-सरण सरणा
एत्थ लोकन्तरे वा, भुम्मा भुम्मा च देवा,
गुण-गण-गहण, व्यावटा सब्ब कालं।
एते आयन्तु देवा, वर-कनक-मये,
मेरु-राजे वसन्तो, सन्तो सन्तोस-हेतु,
मुनि-वर-वचनं सोतु-मग्गं समग्गा॥
सब्बेसु चक्क वालेसु, यक्खा देवा च ब्राह्मणो,
यं अम्हेहि कतं पुञ्ञं, सब्ब सम्पत्ति साधकं।
सब्बे तं अनुमोदित्वा, समग्गा सासने रता,
पमाद-रहिता होन्तु, आरक्खासु विसेसतो॥
सासनस्स च लोकस्स, बुड्ढी भवतु सब्बदा॥
सद्धिं होन्तु सुखी सब्बे, परिवारेहि अत्तनो॥
अनीघा सुमना होन्तु, सह सब्बेहि ञातिभि॥

राजतो वा, चोरतो वा, मनुस्सतो वा, अमनुस्सतो वा, अग्गितो वा, उदकतो वा, पिसाचतो वा, खाणुकतो वा, कण्टकतो वा नक्खत्ततो



Downloaded from http://dhamma.digital

# परित्राण पाठ

परित्राणको अर्थ हो चारैतिरबाट आउने भय, अन्तराय र उपद्रवहरुबाट रक्षा । परित्राण पाठद्वारा व्यक्तिको कल्याण हुन्छ, भूत, प्रेतहरुको उपद्रव शान्त हुन सक्छ । त्यसैले श्रद्धालुहरुले कुनै मङ्गल कार्य गर्दा, नयाँ घरमा प्रवेश गर्दा, जन्मदेखि मृत्यु पर्यन्त संस्कार गर्दा आफ्ना परिवार र नाता कुटुम्ब, इष्टमित्रहरु पनि भेला गराएर आफ्नो तथा सबै जनाको मङ्गलको कामना गरी परित्राण पाठ गराउँछन् ।

बौद्धहरुमा यो विश्वास छ कि परित्राण पाठद्वारा धेरैजसो उपद्रव, भय, अन्तराय नष्ट हुन्छन् । परन्तु यसको लागि पाठ गर्ने र सुन्ने दुवैले पूरा गर्नु पर्ने अंङ्गहरु छन् । यी अङ्गहरु पूरा नभएको खण्डमा परित्राणको महानिशंस फल जति हुनु पर्ने हो सो हुन सक्दैन । त्यस कारण पाठ गर्ने र पाठ श्रवण गर्नेले निम्न अङ्ग पूरा गर्नु आवश्यक छ भन्ने कुरा जानि राख्नु पर्छ ।

पाठ गर्नेले पूरा गर्नु पर्ने तीन अङ्ग:-

१. शुद्ध गरी पाठ गर्नु,

२. अर्थ जानेर पाठ गर्नु,

३. पाठ श्रवण गर्नेहरुप्रति मैत्रीपूर्ण चित्त राखी पाठ गर्नु ।

पाठ श्रवण गर्नेमा पूरा हुनु पर्ने तीन अङ्गहरु:

१. पञ्चमहापाप नगरेको हुनु पर्ने,

२. नियत मिथ्यादृष्टिबाट रहित हुनु पर्ने:

३. सुनिरहेको परित्राणप्रति विश्वास हुनु पर्ने !

पाठ गर्ने व्यक्ति चाहे भिक्षु होस् चाहे अनागरिका वा गृहस्थ होस् उनी शीलवान् भै मैत्रीपूर्वक पाठ गरेको हुनु पर्छ । स्रोतागणले पनि शील ग्रहण गरी अर्थात् सदाचारी भै श्रद्धापूर्वक सुन्न सक्नु पर्छ ।



Downloaded from http://dhamma.digital

वा, जनपदरोगतो वा, असद्धम्मतो वा, असन्दिट्ठितो वा, असप्पुरिसतो वा.

चण्ड - हत्थि - अस्स - मिग - गोण - कुक्कुर, अहि - विच्छिका मणि सप्प - दीपी - अच्छ - चरच्छ - सूकर - महिस - यक्खरक्खसा - दिही नाना भयतो वा, नाना रोगतो वा, नाना उपद्दवतो वा, आरक्खं गण्हन्तु ।

## आव्हान सूत्रको अर्थ

उनी भगवान् अर्हत सम्यकसम्बुद्धलाई नमस्कार ।

सम्पूर्ण चक्रवालमा बस्ने देवताहरु मुनिराज तथागतले देशना गर्नु भएको स्वर्ग र मोक्ष प्राप्त हुने सद्धर्भ श्रवणको निम्ति यस ठाउँमा आएर सुन्न आउनुहोस् । उनी भगवान् अर्हत सम्यक सम्बुद्धलाई नमस्कार । यस लोकान्तरमा शान्त भैरहेका शान्त चित्त भैरहेका त्रिशरण गईरहेका, भूमिमा रहेका, आकाशमा रहेका, देवताहरु फेरि सर्वदा लौकिक र लोकोत्तर गुण उपकार लाभ गर्ने आशा लिएका देवताहरु उत्तम कनकमय सुवर्णले परिपूर्ण पर्वतराज सुमेरुमा वास गर्ने सज्जन देवताहरु सन्तुष्ट हुने हेतु भैरहेको तथागतको उत्तम धर्मोपदेश सुन्नको निम्ति सबै मिलेर आउनुहोस् । सम्पूर्ण चक्रवालमा रहेका देवताहरु, ब्रह्माहरु, यक्षहरु, सम्पूर्ण सम्पत्ति पूर्ण हुने हामीले गरेका यस पुण्यलाई अनुमोदन गरी सबै मिलेर यो शासनमा आनन्द मान्ने होउन् । प्रमाद रहित भै विशेष गरी रक्षा गर्नु पऱ्यो ।

शासनमा र लोकमा सधैं उन्नत्ति बृद्धि होउन्, शासनमा र लोकलाई पनि सधैं देवतालाई रक्षा गरुन । सम्पूर्ण सत्व प्राणीहरु आफ्नो आफ्नो परिवार सहित सुखी होओस् सम्पूर्ण जनहरु सबै आफ्नो आफ्नो परिवारसहित दुःख वेदना रहित र हर्षित उत्साहित होउन् ।



Downloaded from http://dhamma.digital

राज भय, चोर भय, मनुष्य भय, अमनुष्य भय, आगोको भय, पानीको भय, पिशाच भय, नदीमा गाडेका बाँसका किलाको भय, काँढाको भय, नक्षत्रको भय, गाउँ गाउँमा हुने सरुवा रोगका भय, असद्धर्मको भय, मिथ्यादृष्टिको भय, असत पुरुषहरुको भय, फेरि दुष्ट भैरहेका हात्ती घोडा, मृग, गोरु, कुकुर, कनसुत्लो, बिच्छी, फणधारी सर्प, चितुवा, भालु, सुंगुर, भैंसी, यक्ष र राक्षस आदिको कारणबाट हुने अनेक भय उपद्रवलाई नाश गरी रक्षा गर्ने कामलाई सबै देवताहरुले ग्रहण गरुन् ।

## मङ्गल सुत्तं

य मंङ्गलं द्वादस हि, चिन्तयिंसु स-देवका ।
सोत्थानं नाधिगच्छन्ति, अट्ठीतंसञ्च मङ्गलं ॥
देसितं देव देवेन, सब्ब पास विनासनं ।
सब्ब लोक हितत्थाय, मङ्गलं तं भणामहे ॥

एवं मे सुतं-एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे । अथ खो अञ्ञतरा देवता अभिक्कन्ताय रत्तिया अभिक्कन्तवण्णा केवलकप्पं जेतवनं ओभासेत्वा येन भगवा तेनुपसंकमि, उपसंकमित्वा भगवन्तं अभिवादेत्वा एकमन्तं अठ्ठासी । एकमन्तं ठिताखोसा देवता भगवन्तं गाथाय अज्झभासि-

बहू देवा मनुस्सा च, मङ्गलानि अचिन्तयुं ।
आकङ्खमाना सोत्थानं, ब्रूहि मङ्गलमुत्तमं ॥१॥
असेवना च बालानं, पण्डितानञ्च सेवना ।
पूजा च पूजनेय्यानं, एतं मङ्गलमुत्तमं ॥२॥
पतिरुप देश-वासो च, पुब्बे च कतपुञ्ञता ।
अत्तसम्मा पणीधी च, एतं मङ्गलमुत्तमं ॥३॥
बाहुसच्चञ्च सिप्पंच, विनयो च, सुसिक्खितो ।
सुभासिता च या वाचा, एतं मङ्गलमुत्तमं ॥४॥



Downloaded from http://dhamma.digital

माता पितु उपट्ठानं, पुत्त दारस्स सङ्गहो ।
अनाकुला च कम्मन्ता, एतं मङ्गलमुत्तमं ॥५॥
दानं च धम्मचरिया च, ञातकानं च संगहो ।
अनवज्जानि कम्मानि, एतं मङ्गलमुत्तमं ॥६॥
आरती विरती पापा, मज्ज-पाना च संयमो ।
अप्पमादो च धम्मेसु, एतं मङ्गलमुत्तमं ॥७॥
गारवोच निवातोच, सन्तुट्ठी च कतञ्ञुता ।
कालेन धम्मस्सवणं, एतं मङ्गलमुत्तमं ॥८॥
खन्ती च सोवचस्सता, समणानञ्च दस्सनं ।
कालेन धम्म साकच्छा, एतं मङ्गलमुत्तमं ॥९॥
तपो च ब्रह्मचरियञ्च अरिय-सच्चान दस्सनं ।
निब्बान सच्छिकिरिया च, एतं मङ्गलमुत्तमं ॥१० ॥
फुट्ठस्स लोक धम्मेहि, चित्तंयस्स च कम्पति ।
असोकं विरजं खेमं, एतं मङ्गलमुत्तमं ॥११॥
एतादिसानि कत्वान, सब्बत्थ मपराजिता ।
सब्बत्थ सोत्थिं गच्छन्ति तं तेसं मङ्गलमुत्तमंति ॥१२॥

## मङ्गल सूत्रको अर्थ

जुन मङ्गलको निम्ति देवता र मनुष्यहरुको कल्याणको चिन्तन गरेर १२ वर्षसम्म छलफल गरेर पनि पत्ता लगाउन सकेनन्, त्यसबेला सम्पूर्ण पाप नाश हुने ३८ मङ्गल विधानलाई देवादिदेव भगवान् बुद्धले देशना गर्नुभयो । सोही मङ्गल सबैं लोकको हितको निम्ति कहन्छु । यस्तो मैले सुनेको छु:- एक समय भगवान् श्रावस्तीमा आनाथ पिण्डिक महाजनले बनाएको जेतवनाराममा बिहार गर्नु भएको थियो । त्यसबेला एक देवता रातको द्वितीय प्रहरमा आफ्नो तेजले सारा जेतवन उज्यालो



Downloaded from http://dhamma.digital

तुल्याई जहाँ भगवान् हुनु हुन्थ्यो त्यहाँ आएर भगवान्लाई अभिवादन गरी एकातिर उभिए । एकातिर उभिएका उनी देवताले भगवान्सँग गांथाद्वारा सोधे- कल्याणको आकांक्षा लिएर धेरै देवताहरु र मनुष्यहरुले मङ्गलको विषयमा विचार गरिसके । अब कृपया तपाईंले उत्तम मङ्गल बताउनुहोस् । ॥१॥

भगवान् भन्नुहुन्छः- मूर्खहरुको सङ्गत नगर्नु, पण्डितहरुको संगत गर्नु र पूज्यहरुको पूजा गर्नु- यी उत्तम मङ्गल हुन् ॥२॥

अनुकूल स्थानमा बास गर्नु, पूर्व जन्मको पुण्यलाभी हुनु र आफूलाई सम्यक् मार्गमा लगाउनु-यी उत्तम मङ्गल हुन् ॥३॥

बहुश्रुत हुनु, शिल्प सिक्नु, विनयी (नरमी) हुनु, सुशिक्षित हुनु, सुभाषण = मीठो वचन बोल्नु-यी उत्तम मङ्गल हुन् ॥४॥

मातापिताको सेवा गर्नु, पुत्र स्त्रीहरुहरुको पालन पोषण गर्नु आकुल नहुने काम गर्नु यी उत्तम मङ्गल हुन् ॥५॥

दान दिनु धर्माचरण गर्नु, दाजुभाइ बन्धुहरुको संग्रह गर्नु र निर्दोश (दोष रहित) काम गर्नु-यी उत्तम मङ्गल हुन् ॥६॥

काय वाक चित्तद्वारा पापलाई त्यागनु, मद्यपान नगर्नु र धार्मिक कार्यहरुमा अप्रमादी तथा होशियारी हुनु- यी उत्तम मंगल हुन् ॥७॥

काय वाक चित्तद्वारा पापलाई त्यागनु, मद्यपान नगर्नु र धार्मिक कार्यहरुमा अप्रमादी तथा होशियारी हुनु- यी उत्तम मंगल हुन् ॥८॥

गौरव गर्नु, नम्र स्वभाव हुनु सन्तुष्ट हुनु कृतज्ञ हुनु र बेला बखतमा धर्मको श्रवण गर्नु- यी उत्तम मंगल हुन् ॥९॥

सहनशील हुनु, आज्ञाकारी हुनु, श्रमणहरुको दर्शन गर्नु र बेलाबखतमा धर्मको छलफल गर्नु-यी उत्तम मङ्गल हुन ॥१०॥

तपस्या गर्नु, ब्रह्मचर्यको पालना गर्नु, आर्य सत्य धर्मको बोध गर्नु, निर्वाणलाई साक्षात्कर गर्नु, यी उत्तम मङ्गल हुन् ॥११॥



Downloaded from http://dhamma.digital

लाभ' अलाभ, यश, अयश, निन्दा, प्रशंसा, सुख र दुःख यी आठ प्रकारको लोक धर्मबाट चित्त कम्पन नहुनु, शोक रहित हुनु, राग, द्वेष, मोहरुपी रज नहुनु र निर्भय हुनु- यी उत्तम मङ्गल हुन् ॥१२॥

यस प्रकारको कर्म गरेर सबै ठाउँमा अपराजित (नहार्ने) भएर (मानिसहरु) कल्याण प्राप्त गर्छन्- सो उनीहरु (देव मनुष्यहरु) को निम्ति उत्तम मङ्गल हुन् ॥१३॥

## रतन सुत्तं

पणिधानतो पट्ठाय तथागतस्स दस पारमियो दस उपमारमियो, दस परमत्थ पारमियोति । समत्तिंस पारमियो पञ्चमहा परिच्चागे, लोकत्थ चरियं ञातत्थचरियं बुद्धत्थ चरियन्ति । तिस्सो चरियायो पच्छिमभवे गब्भवोक्कन्ति जातिं । अभिनिक्खमनं पधानचरियं बोधि पल्लङ्के मार विजयं सब्बुञ्ञुतञाणं पटिबेधं धम्मचक्कप्पवत्तनं नव लोकुत्तर धम्मेति सब्बेपि मे बुद्ध गुणे आवज्जेत्वा वेसालिया तीसु पाकारन्तरेसु तियाम रतिं परित्तं करोन्तो आयस्मा आनन्दत्थेरो विय कारुञ्ञ चित्तं उपट्ठपेत्वा ।

कोटीसत सहस्सेसु, चक्कवालेसु देवता ।
यस्साणं पटिग्गण्हन्ति, यञ्च वेसालिया पुरे ॥
रोगामनुस्स-दुभिक्खं, सम्पुण्णं तिविधं भयं ।
खिप्पमन्तर धापेसि, परित्तं तं भणाम हे ॥
यानीध भूतानि समागतानि,
भुम्मानि वा यानी व अन्तलिक्खे ।
सब्बेव' व भूता सुमना भवन्तु, अथोपि सक्कच्च सुणन्तु भासितं ॥१॥
तस्माहि भूता निसामेथ सब्बे, मेत्तं करोथ मानुसिया पजाय । दिवाच रत्तो च हरन्ति ये बलि, तस्मा हि नेरक्खथं अप्पमत्ता ॥२॥



Downloaded from http://dhamma.digital

यंकिञ्चि वित्तं इधवा हुरं वा, सग्गेसु वा यं रतनं पणीतं ।
न नो समं अत्थि तथागतेन इदम्पि बुद्धे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ॥३॥
खयं विरागं अमतं पणीतं, यदज्झगा सक्यमुनी समाहितो ।
न तेन धम्मेन समत्थि किञ्चि, इदम्पि धम्मे रतनं पणीतं ।
एतेन सच्चेन सुवत्थि होतु ॥४॥
यं बुद्धसेट्ठो परि वण्णयी सुचिं, समाधिमानन्तरिकञ्ञमाहु ।
समाधिना तेन समो न विज्जति, इदम्पि धम्मे रतनं पणीतं ।
एतेन सच्चेन सुवत्थि होतु ॥५॥
ये पुग्गला अट्ठ-सतं पसत्था, चत्तारि एतानि युगानि होन्ति ।
ते दक्खिणेय्या सुगतस्स सावका, एतेसु दिन्नानि महप्फलानी ।
इदम्पि संघे रतनं पणीतं एतेन सच्चेन सुवत्थि होतु ॥६॥
ये सुप्पयुत्ता मनसा दल्हेन, निक्कामिनो गोतम-सासनम्हि ।
ते पत्तिपत्ता अमतं विगह्य, लद्धामुधा निब्बुतिं भुञ्जमाना ।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥७॥
यथिन्दखीलो पठविंस्सितो सिया, चतुब्भि वातेहि असम्प कम्पियो ।
तथूपमं सप्पुरिसं वदामि, ये अरिय सच्चानि अवेच्च पस्सति ।
इदम्पि संघे रतनं पणीतं एतेन सच्चेन सुवत्थि होतु ॥८॥
ये अरिय सच्चानि विभावयन्ति, गम्भीर-पञ्ञेन सुदेसितानि
किञ्चापि ते होन्ति भुसप्पमत्ता, न ते भवं अट्ठमंमादियन्ति ।
इदम्पि संघे रतनं पणीतं. एतेन सच्चेन सुवत्थि होतु ॥९॥
सहावस्स दस्सन सम्पदाय, तयस्सु धम्मा जहिता भवन्ति ।
सक्कायदिट्ठि विचिकिच्छितञ्च, सीलब्बतं वापि यदत्थि किञ्चि ।
चतूह-पायेहि च विप्पमुत्तो, छचाभिठानानी अभब्बकातुं ।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥१०॥



Downloaded from http://dhamma.digital

किञ्चापि सो कम्मं करोति पापकं, कायेन वाचा उद चेतसा वा ।
अभब्बो सो तस्स पटिच्छादाय, अभब्बता दिट्ठपदस्स वुत्ता ।
इदम्पि संघे, रतनं पणीतं । एतेन सच्चेन सुवत्थि होतु ॥११॥
वनप्पगुम्बे यथाफुस्सितग्गे, गिम्हान मासे पठमस्मिं गिम्हे ।
तथूपमं धम्म-वरं अदेसयि, निब्बान गामिं परमं हिताय,
एतेन सच्चेन सुवत्थि होतु ॥१२॥
वरो वरञ्ञू वरदो वराहरो, अनुत्तरो धम्मवरं अदेसयी ।
इदम्पि बुद्धे रतनं पणितं. एतेन सच्चेन सुवत्थि होतु ॥१३॥
खीणं पुराणं नवं नत्थि-सम्भवं, विरत्तचित्तायतिके भवस्मिं ।
ते खीण-वीज अवरुल्हिच्छन्दाः निब्बन्ति धीरा यथायंपदीपो ।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥१४॥
यानीध भूतानि समागतानि, भुम्मानि वा यानि व अन्तलिक्खे ।
तथागतं देव मनुस्स-पूजितं, बुद्धं नमस्साम, सुवत्थि होतु ॥१५॥
यानीध भूतानि समागतानि, भुम्मानि वा यानि व अन्तलिक्खे,
तथागतं देव मनुस्स पूजितं, धम्मं नमस्साम सुवत्थि होतु ॥१६॥
यानीध भूतानि समागतानि, भुम्मानि वा यानि व अन्तलिक्खे ॥
तथागतं देव-मनुस्स-पूजितं, संघं नमस्साम सुवत्थि होतु ॥१६॥

## रत्न सुत्रको अर्थ

उनी भगवान् बुद्धले सुमेध तपस्वीको जन्ममा प्रार्थना गरेको देखि आरम्भ गरेर दश पारमिता, दश उपपारमिता, दश परमार्थ पारमिता, जम्मा गरी तीस पारमिता, पूर्ण गरी पाँच महात्याग गरी लोकार्थ चर्य्या, ज्ञातीहरुलाई गर्नु पर्ने चर्य्या र बुद्धार्थ चर्य्या र यी तिनै चर्य्या पूरा गरी पछिल्लो जन्ममा माताको गर्भमा प्रवेश, जन्म महाभिनिष्क्रमण, कठोर तपस्या, बोधिवृक्षको मूलमा मार विजय, सर्वज्ञता ज्ञान लाभ, धर्मचक्र



Downloaded from http://dhamma.digital

प्रवर्तन र नव लोकोत्तर धर्म प्रचार इत्यादि सबै प्रकारको भगवान् बुद्धको गुण स्मरण गरी बैशाली नगरको तीन तह प्राकार (पर्खाल) मा रातभर परित्राण पाठ गर्ने आयुष्मान आनन्द स्थविरको जस्तै करुणा पूर्ण चित्त लिएर ।

जसको आदेशलाई शय हजार कोटी चक्रवालका देवताहरुले पालन गर्ने तथा जसको प्रभवले वैशाली नगरमा रोग, अमनुष्यद्वारा हुने उपद्रव र दुर्भिक्षबाट उत्पन्न हुने तीन प्रकारको दु:ख र भय चाँडै नै हटेर गएको थियो । हामी पनि त्यस परित्राणलाई पाठ गर्दछौं ।

यस वखतमा यस पृथ्वीमा वा अन्तरिक्षमा जति पनि भूत ( अमुनुष्य) हरु उपस्थित छन् । उनीहरु सबैको चित्त प्रसन्न होउन र हाम्रो यस कुरालाई ध्यानपूर्वक सुनुन् । ॥१॥

सबै भूत (अमुनष्य) हरु दत्तचित्त होउन्, जसबाट उनीहरु दिन रात बली लिन्छन्, ती मनुष्य मात्रको प्रति, दत्तचित्त भएर मैत्री गरुन् र अप्रमादी बनेर उनीहरुको रक्षा गरुन् । ॥२॥

यस लोकमा र परलोकमा जे जति सम्पत्ति छन् फेरि स्वर्गमा जुन अनर्ध रत्व छन् ती कुनै रत्न पनि बुद्धरत्न समान श्रेष्ठ छैनन् । बुद्धमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥३॥

समाहित चित्त शाक्यमुनिले वासनालाई क्षीण गरेर विराग अमृत रुप निर्वाण धर्म प्राप्त गर्नुभयो । त्यस धर्मको जोडा कुनै धर्म छैन, धर्ममा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् ॥४॥

परम श्रेष्ठ भगवान् बुद्धले जुन पवित्र समाधि उपदेश दिनु भएको थियो । फेरि जसको फल अभ्यास गर्ने वित्तिकै प्राप्त हुन्छ । ती समाधि समान अर्को कुनै समाधि छैन, धर्ममा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥५।

जुन आठ पुद्‍गलको बुद्धले प्रशंसा गर्नु हुन्छ, जुन मार्ग र



Downloaded from http://dhamma.digital

फलको हिसाबले चार जोडा हुन्छ, उनी सुगत बुद्धका श्रावक हुन् । तथा दक्षिणा दिन योग्य हुन् । यिनलाई दान दिँदा महत् फल प्राप्त हुन्छ । श्रावक संघमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥६॥

जो तृष्णा रहित भएर दृढ चित्तले गौतम बुद्धको धर्ममा रत भइरहेको छ । उनले प्राप्त गर्नु पर्ने, प्राप्त गरेर अमृतमा डुबुल्कि मारेर विमुक्ति रसको स्वाद लिन्छन् । सङ्घमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥७

जस्तो जमीनमा गाडेको इन्द्रकील (स्तम्भ) लाई चारै दिशाको हावाले कम्पा गराउन सक्दैन, उस्तै जसले चार आर्य सत्यलाई प्रज्ञाद्वारा यथार्थ दर्शन गरिराखेका छन् उनी सत्पुरुषहरुलाई स्थिर भएको भन्दछन् । सङ्घमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥८॥

गम्भीर- प्रज्ञावान् बुद्धले उपदेश गर्नु भएको आर्य सत्यलाई जसले राम्रोसँग बोध गरी राखेको छ । उनले प्रमादी भए पनि आठ पटक जन्म ग्रहण गर्नु पर्दैन, अर्थात्, सातौं जन्ममा नै मुक्त भएर जान्छ । सङ्घमा उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् । ॥९॥

श्रोतापन्न व्यक्तिलाई दर्शन संपद् (सम्यक् दृष्टि) लाभ हुनासाथ तीन बन्धन छुटेर जान्छन् - सत्काय दृष्टि (= नित्य आत्माको विश्वास) विचिकित्सा (=शङ्का) शीलब्रत परामर्श (=नाना प्रकारको ब्रत र कर्मकाण्डबाट चित्त शुद्धि प्राप्त हुन्छ भन्ने विश्वास) उनी चार 'दुर्गतिरबाट मुक्त हुन्छन् र' छ प्रकारका घोर पापकर्मको आचरण कहिल्यै नगर्ने हुन्छन् । सङ्घमा यही उत्तम रत्नत्व छन् । यो सत्यद्वारा कल्याण होस् ।

यदि काय, वाक र चित्तले कुनै पाप गरे पनि उनी श्रोतापन्न व्यक्तिले कहिल्यै त्यस्लाई लुकाउँदैन । किन भने बुद्धले भन्नु भएको छ



Downloaded from http://dhamma.digital

कि- निर्वाण-दर्शीलाई कुनै लुकाउनु पर्ने रहस्य रहँदैन। सङ्घमा यही रत्नत्व छन्। यो सत्यद्वारा कल्याण होस्। ॥११॥

वसन्त ऋतुको आरम्भमा वन-उपवन प्रफुल्लित जस्तो सुन्दर हुन्छ, त्यस्तै बुद्धले श्रेष्ठ निर्वाण प्राप्त गराउने र परमहितकारी धर्म उपदेश गर्नुभयो बुद्धमा यही उत्तम रत्नत्व छन्। यो सत्यद्वारा कल्याण होस्। ॥१२॥

श्रेष्ठ हुनु भएका श्रेष्ठ निर्वाणका ज्ञाता, श्रेष्ठ धर्मदाता, श्रेष्ठमार्ग देखाउन, श्रेष्ठ लोकोत्तर बुद्धले उत्तम उपदेश दिनु भएको छ। बुद्धमा यही उत्तम रत्नत्व छन्। यो सत्यद्वारा कल्याण होस्। ॥१३॥

सारा पुराना कर्म क्षीण भइसक्या, नयाँ कर्म बन्दैन। उनको चित्त पूर्वजन्मदेखि विरक्त भैसक्यो, क्षीण बीज, तृष्णाबाट सर्वथा मुक्त भएका, उनी अर्हतहरु तेल सिद्धिएको प्रदीप झैं निर्वाण प्राप्त गर्दछन्। संघमा यही उत्तम रत्नत्व छन्। यो सत्यद्वारा कल्याण होस्। ॥१४॥

पृथ्वी र आकाशमा रहेका यहाँ हामी जति जीवधारी उपस्थित छौं, सबै मिलेर उनी देव मनुष्यद्वारा पूजित बुद्धलाई नमस्कार गर्दछौं। कल्याण होस्। ॥१५॥

पृथ्वी र आकाशमा रहेका यहाँ हामी जति जीवधारी उपस्थित छौं, सबै मिलेर उनी देव मनुष्यद्वारा पूजित बुद्धको धर्मलाई नमस्कार गर्दछौं। कल्याण होस्। ॥१६॥

पृथ्वी र आकाशमा रहेका हामी यहाँ जति जीवधारी उपस्थित छौं, सबै मिलेर उनी देव मनुष्यद्वारा पूजित बुद्धका शिष्य सङ्घलाई नमस्कार गर्दछौं। कल्याण होस्। ॥१७॥

## मेत्त सुत्तं

यस्सानुभावतो यक्खा, नेव दस्सेन्ति भीसनं।



Downloaded from http://dhamma.digital

यम्हि चेवा-नुयुञ्जन्तो, रत्तिं दिवमतन्दितो ॥
सुखं सुपति सुत्तो च, पापं किञ्चि न पस्सति ।
एवमादि गुणूपेतं, परित्तं तं भणामहे ॥
करणीयमत्थकुसलेन, यन्तं सन्तं पदं अभिसमेच्च
सक्को उजूच सुहुजूच, सुवचोचस्स मुदु अनतिमानि ॥१॥
सन्तुस्सकोच सुभरोच, अप्पकिच्चो च सल्लहुक वुत्तिं ।
सतिन्द्रियो च निपको च, अप्पगब्भो कुलेसु अननुगिद्धो ॥२॥
नच खुद्दं समाचरे किंचि, येन विञ्ञू परे उपवदेय्युं
सुखिनो वा खेमिनो होन्तु, सब्बे सत्ता भवन्तु सुखितत्ता ॥३॥
येकेचि पाण भूतत्थि, तसा वा थावरा वा अनवसेसा ।
दीघा वा येव महन्ता, मज्झिमा रस्सका अनुकथुला ॥४॥
दिट्ठा वा ये व अ-दिट्ठा, ये च दूरे वसन्ति अविदूरे ।
भूता वा सम्भवेसीवा, सब्बे सत्ता भवन्तु सुखितत्ता ॥५॥
न परो परं निकुब्बेथ, नातिमञ्ञेथ कत्थचि नं किञ्चि ।
ब्यारोसना पटिघ-सञ्ञा, नाञ्ञमञ्ञस्स दुक्खमिच्छेय्य ॥६॥
माता यथा नियं पुत्त, आयुसा एक पुत्तमनुरक्खे ।
एवम्पि सब्ब भूतेसु, मानसं भावये अपरिमाणं ॥७॥
मेतञ्च सब्ब लोकस्मिं, मानसं भावये अपरिमाणं ।
उद्धं अधोच तिरियञ्च, असम्बाधं अवेरं असपत्तं ॥८॥
तिट्ठं चरं निसिन्नोवा, सयानो यावतस्स विगतमिद्धो ।
एतं सतिं अधिट्ठेय्य, ब्रह्ममेतं विहारमिधमाहु ॥९॥
दिट्ठिञ्च अनुपगम्म, सीलवा दस्सनेन सम्पन्नो ।
कामेसु विनय गेधं, नहि जातु गब्यसेय्यं पुनरेतीति ॥१०॥


Downloaded from http://dhamma.digital

## मैत्री सूत्रको अर्थ

जुन परित्राणको प्रभावले यक्षहरुले भय देखाउन सक्दैन तथा भयभीत भएर दिन रात चिन्तित र निद्राहीन भैरहेका व्यक्ति पनि सुखपूर्वक सुत्न सकिन्छ र सुतेका व्यक्तिले कुनै दुस्वप्न देख्दैनन् । यस्ता उत्तम गुण भएका भगवान् बुद्धले देशना गर्नु भएको परित्राण पाठ गर्दछु ।

शान्तपद चाहने कल्याण साधनामा निपुण मनुष्यहरुको निम्ति उनी समर्थवान, ऋृजु (सीधा) अत्यन्त सोझो बन्नु पर्छ । उनको चित्त सरल र आज्ञाकारी अनि मृदु स्वभाव र अभिमानहीन हुनु पर्छ ।

सन्तुष्ट चित्त, मिताहारी, अल्पकृत्य (=व्यर्थ काम नगर्ने थोरैमा सन्तुष्ट हुने, शान्त इन्द्रिय, बुद्धिमान्, कडास्वभाव नभएका, कुलमा अनाशक्त हुनु पर्छ । कुनै यस्तो सानो काम नगर्नु, जुन काम गर्दा विज्ञहरुले गिज्याउन सक्छन् । सबै प्राणी सुखी होवोस्, सबैको कल्याण होवोस्, सबै आनन्दपूर्वक रहनु भन्ने मनमा भावना गर्नु पर्छ ।

स्थावर अथवा जङ्गम, दीर्घ वा महान् मझौलो वा सानो सूक्ष्म अथवा स्थल जे जति भूत प्राणीहरु छन् ती सबै सुखी होवोस् ।

दृष्ट अथवा अदृष्ट, दुरस्थ अथवा नजिकको उत्पन्न वा उत्पन्न हुने, ती सबै प्राणीहरु सुखी होवोस् ।

एउटाले अर्कालाई बंचना नगर्नु, कहिल्यै कसैको नठग्नु, कसैको अवहेलना नगर्नु, क्रोध र हिंसाको वशमा परेर कसैलाई दु:ख दिने काम नगर्नु ।

आमाले जसरी आफ्नो प्राणको वास्ता नराखी एक लौटी छोराको रक्षा गर्छिन, उस्तै प्राणी मात्र प्रति असीम प्रेम राख्नुपर्छ । तलमाथि र तेर्सोका सबै मानिस अथवा प्राणीहरु प्रति वैर, विरोध र शत्रुता रहित अप्रमेय मैत्री भएको चाल चलन गर्नु ।

उठ्दा, जाँदा, बस्दा, सुत्दा जबसम्म जागृत रहन्छ तबसम्म यस्तो



Downloaded from http://dhamma.digital

स्मृति राखी रहनु पर्दछ । यसैलाई ब्रम्ह-विहार भावना भन्दछ ।

यस्ता मानव कुनै मिथ्या दृष्टिमा नपरी शीलवान भएर, विशुद्ध दर्शनले युक्त भएमा, काम तृष्णालाई नाश गरेर पुनर्जन्मबाट मुक्त हुन्छन् ।

## अंगुलिमाल सुत्तं

कसैलाई प्रसूति व्यथाले पीडित भैराखेको छ भने पहिले गर्भिणीलाई त्रिशरण सहित पञ्चशील ग्रहण गरेर यो अंगुलिमाल सुत्र पाठ श्रवण गरेर पाठ गर्नेको आसन (पिडा) धोएर पानी पिलाई दियो भने गर्भ र गर्भिणी दुवैलाई स्वस्ति मङ्गल हुनेछ ।

परित्तंयं भणन्तस्स, निसिन्न-ठान-धोवनं ।
उदकम्पि विनासेति, सब्बमेव, परिस्सयं ॥
सोत्थान गम्भवङ्खानं, यञ्च साधेति तङ्खणे ।
थेरस्स अंगुलिमालस्स, लोक नाथेन भासितं ॥
कप्पट्ठायिं महातेजं परित्तं तं भणामहे ।

यतो हं भगिनी अरियाय जातिया जातो ना-भिजानामि सञ्चिच्च पाणं जीविता वोरोपेता तेन सच्चेन सोत्थिते होतु सोत्थि गब्भस्स ।

## अंगुलिमाल सूत्रको अर्थ

यो परित्राण पाठ गर्ने स्थविरको आसन धोएको पानीले पनि सम्पूर्ण विध्न नाश हुने छ, फेरि यो परित्राणको जल पिलाई दियो भने प्रसव वेदनाले ग्रस्त भइरहेकी जननीलाई सुविस्ता साथ चाडै नै प्रसव हुने छ । लोकनाथ हुनु भएका तथागतले अंगुलिमाल स्थविरलाई देशना गर्नु भएको महान् तेज आनुभाव भएको कल्प भर (आयुकल्प) सम्म रहने परित्राणलाई हामी पाठ गर्छौं । "हे बहिनी ! मैले जुन समयदेखि आर्य उत्तम भावले जन्म हुनेमा जन्म भएँ, त्यस बेला देखिनै प्राणघात



Downloaded from http://dhamma.digital

गर्ने इच्छाले कुनै प्राणीलाई हिंसा गरेको छैन । यो सत्य बचनको प्रभावले तिमीलाई सुख आनन्द होवोस् । फेरि गर्भमा रहेका सत्व (बालक) लाई पनि (सुबिस्ता) सुख आनन्द होवोस् ।"

## महाजयमङ्गल गाथा

महाकारुणिको नाथो, हिताय सब्बपाणिनं ।
पूरेत्वा पारमी सब्बा, पत्तो सम्बोधिमुत्तमं ।
एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ॥१॥
जयन्तो बोधिया मूले, सक्यानं नन्दिवद्धनो ।
एवं मय्हं* जयो होतु, जयस्सु जयमङ्गले ॥२॥
सक्कत्वा बुद्धरतनं, ओसधं उत्तमं वरं ।
हितं देव मनुस्सानं, बुद्धतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, दुक्खा वूपसमेन्तु मे ॥३॥
सक्कत्वा धम्मरतनं, ओसधं उत्तमं वरं ।
परिलाहुपसमनं धम्मतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, भया वुपसमेन्तु मे. ॥४॥
सक्कत्वा सङ्घरतनं, ओसधं उत्तमं वरं ॥
आहुणेय्यं, पाहुनेय्यं सङ्घ तेजेन सोत्थिना ॥
नस्सन्तुपद्दवा सब्बे, रोगा वूपसमेन्तु मे. ॥५॥
यं किञ्चि रतनं लोके, विज्जति विविधा पुथु ।
रतनं बुद्ध समं नत्थि, तस्मा सोत्थि भवतु मे. ॥६।
यं किञ्चि रतनं लोके, विज्जति विविधा पुथु ।
रतनं धम्म समं नत्थि, तस्मा सोत्थि भवतु मे. ॥७।
यं किञ्चि रतनं लोके, विज्जति विविधा पुथु ।
रतनं संघ समं नत्थि, तस्मा सोत्थि भवतु मे ॥८॥


Downloaded from http://dhamma.digital

नत्थि मे सरणं अञ्ञं, बुद्धो मे सरणं वरं ।
एतेत सच्चवज्जेन, होतु मे. जयमङ्गल ॥९॥
नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे. जयमङ्गलं ॥१०॥
नत्थि मे सरणं अञ्ञं, सङ्घो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे. जयमङ्गल ! ११॥
सब्बीतियो विवज्जन्तु, सब्ब रोगो विनस्सतु ।
मा मे. भवंत्वन्तरायो सुखी दीघायुको भव ॥१२।
भवतु सब्बमङ्गलं, रक्खन्तु सब्ब देवता ।
सब्ब बुद्धानुभावेन, सदा सोत्थि भवतु मे. ॥१३॥
भवतु सब्बमङ्गल, रक्खन्तु सब्ब देवता ।
सब्ब धम्मानुभावेन, सदा सोत्थि भवतु मे. ॥१४॥
भवतु सब्बमङ्गलं, रक्खन्तु सब्ब देवता ।
सब्ब संघानुभावेन, सदा सोत्थि भवन्तु मे ॥१५॥

## महाजय मङ्गल गाथाको अर्थ

महाकारुणिक भगवान् बुद्धले सम्पूर्ण प्राणीहरुको कल्याणको निम्ति सबै पारमिता पूर्ण गर्नु भई उत्तम सम्बोधि (ज्ञान) प्राप्त गर्नु भयो । यो सत्य वचनले मलाई कल्याण होवोस् । ॥१॥

बोधिवृक्षको मूलमा बस्नु भई जसरी शाक्यसिंह भगवान् बुद्धले विजय प्राप्त गर्नुभयो । त्यस्तै मलाई जय होस् जय मङ्गल होवोस् । ॥२॥

उत्तम र श्रेष्ठ औषधि जस्तै हुनु भएका बुद्ध रत्नको सत्कार गर्दछु, उही देव र मनुष्यको निम्ति हितकारक हुनु हुन्छ । उनी बुद्धको

---

अर्काको निम्ति पाठ गर्दा ० 'ते',* 'तुह्म' हुन्छ ।



Downloaded from http://dhamma.digital

तेजले कल्याणपूर्वक सबैं उपद्रव नष्ट होवोस् र मेरो सम्पूर्ण दुःख, शान्त होवोस । ॥३॥

उत्तम र श्रेष्ठ औषधी जस्तै हुनु भएका धर्म रत्नको सत्कार गर्दछु जुन पीडा शान्त गर्ने हो, त्यो धर्मको तेजले कल्याणपूर्वक सबै उपद्रव नष्ट होवोस् र मेरो सम्पूर्ण भय शान्त होवोस् । ॥४॥

उत्तम र श्रेष्ठ औषधि जस्तै हुनु भएका संघ रत्नको सत्कार गर्दछु । जुन आवाहन गर्न योग्य र पाहुना गर्न योग्य हुनु हुन्छ । ती संघको तेजले कल्याणपूर्वक सबै उपद्रव नष्ट होवोस् र मेरो सम्पूर्ण रोग शान्त होवोस । ॥५॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरु छन् । बुद्ध रत्न समान अरु रत्न छैन, यो सत्य बचनको प्रभावले मलाई कल्याण होवोस् । ॥६॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरु छन् । धर्म रत्न समान अरु रत्न छैन, यो सत्य बचनको प्रभावले मलाई कल्याण होवोस् । ॥७॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरु छन्। सङ्घ रत्न समान अरु रत्न छैन, यो सत्य वचनको प्रभावले मलाई कल्याण होवोस् । ॥८॥

मेरो अरु कुनै शरण छैन, बुद्ध नै मेरो उत्तम शरण हो । यो सत्य बचनको प्रभावले मलाई कल्याण होवोस् । ॥९॥

मेरो अरु कुनै शरण छैन, धर्म नै मेरो उत्तम शरण हो । यो सत्य वचनको प्रभावले मलाई कल्याण होवोस् । ॥१०॥

मेरो अरु कुनै शरण छैन, सङ्घ नै मेरो उत्तम शरण हो ।

---

० अर्काको निम्ति पाठ गर्दा 'ते" हुन्छ ।



Downloaded from http://dhamma.digital

हो । यो सत्य वचनको प्रभावले मलाई कल्याण होवोस् ।॥११॥

सम्पूर्ण आपत टाढा होवोस्, सम्पूर्ण रोग नष्ट होवोस्, मलाई विघ्न नपरोस्, सुखी र दीर्घायु होवोस् ।

सबै प्रकारले मलाई मङ्गल होवोस् सबै देवताहरुले मलाई रक्षा गरुन् सबै सम्बुद्धको आनुभावले मलाई सदा कल्याण होवोस् । ॥१३॥

सबै प्रकारले मलाई मङ्गल होवोस् सबै देवताहरुले मलाई रक्षा गरुन्, सम्पूर्ण धर्मको आनुभावले मलाई सधैं कल्याण होवोस् । ॥१४॥

सबै प्रकारले मलाई मङ्गल होवोस् सबै देवताहरुले मलाई रक्षा गरुन्, सबै सङ्घको आनुभावले मलाई सधैं कल्याण होवोस् ॥१५॥

## मरणानुस्सति

कुनैं व्यक्ति मरणासन्न अवस्थामा बिरामी हुँदा वा मृत्युपश्चात् पाठ गर्ने सूत्र ।

पवात दीपतुल्याय, सायुसन्तति याक्खयं ।
परुपमाय सम्पस्सं, भावये मरणस्सति ॥१॥
महासम्पत्ति सम्पत्ता, यथा सत्ता मता इध ।
तथा अलं मरिस्सामि, मरणं, मम हेस्सति ॥२॥
उत्पत्तिया सहे वेदं, मरणं आगतं सदा ।
मरणत्थाय ओकासं, वधको विय एसति ॥३॥
इसकं अनिवत्तन्तं, सततं गमनुस्सुकं ।
जीवितं उदया उत्थं, सुरियो विय धावति ॥४॥
विज्जु बुब्बुल उस्सा वा जलरासि परिक्खयं ।
घातकोव रिपू तस्स, सब्बत्था पि अवारियो ॥५ ॥
सुयसत्थाम पुञ्ञिद्धि, बुद्धि बुडधे जिन द्वयं ।
घातेसि मरणं खिप्पं, कातुमादिसके कथा ॥६॥
पच्चयानञ्च वेकल्या, बाहिरज्झन्तु पद्दवा ।
मरामोरं निमेसा पि, मरमानो अनुक्खणन्ति ॥७॥



Downloaded from http://dhamma.digital

## मरणानुस्मृतिको अर्थ

बतास आइरहेको ठाउँमा बलिरहको बत्ति निभेर जाने जस्तै आयु क्षय भई यो शरीर पनि क्षय भएर जानेछ । तसर्थ अरु मृत्यु भएको देखेर आफू पनि मृत्यु हुनेछु भनीकन मरणानुस्मृति भावना गर्नुपर्दछ । ॥१॥

जसरी महान् सम्पत्तिशाली प्राणीहरु मृत्यु भई गए, त्यस्तै म पनि नमरी छाड्ने होइन । एक दिन मृत्यु हुने नै छु । ॥२।

उत्पत्तिको साथै सदैव मृत्यु आइरहेको छ । जसरी प्राणीघात गर्नेले प्राणीलाई मार्ने मौका ताकिरहन्छ, त्यस्तै नै मृत्युले पनि मलाई लखेट्दै आइरहेको छ । ॥३॥

एकछिन पनि नअडी सधैं भरी अगाडि बढ्न उत्साही बनेका सूर्य उदय पश्चात् फेरि अस्त भएर गए जस्तै यो जीवन पनि मरणतिर दगुर्दै आइरहेको छ । ॥४॥

विजुली चम्केजस्तै, पानीमा उठ्ने फोका जस्तै दुबोको टुप्पामा रहेको पानीको थोपा जस्तै, पानीमा कोरिएर धर्सो जस्तै तुरुन्तै बिलाएर जाने यो शरीर । फेरि यो मृत्युलाई घात गर्ने शत्रुलाई जस्तै कसैले छेक्न सकिने होइन । ॥५॥

जुन त्यस्ता यशस्वी, बलवान, पुण्यवान्, ऋद्धिवान बुद्धिवान् हुनु भएका बुद्ध प्रत्येक बुद्धहरुलाई समेत मृत्युले क्षय गऱ्यो भने म जस्ताको विषयमा केन्नु । ॥६॥

जीवन रक्षाका निम्ति चाहिने आहारादि प्रत्यक्ष समेत विकल ( विरुप) भएर जाने, बाहिरका शास्त्र आदि अनि अध्यात्मि राग आदि उपद्रवद्वारा नाश भएर जाने, आँखा चिम्म गर्न नपाउँदै क्षण क्षणमा रुपादि इन्द्रियहरु मरण हुँदै गइरहेको यो शरीर भनिकन मरणानुस्मृति भावना बृद्धि गर्नु पर्दछ । ॥७॥



Downloaded from http://dhamma.digital

२१. विपस्सना निर्देश (पद्यमय) ,,
२२. परित्राण निदान र अर्थ सहित ,,
२३. अंगुलीमाल नाटक (पूर्णाङ्की ,,
२४. उदान ,,
२५. सुत्रनिपात परायण वर्ग सहित ,,
२६. वाबारी ब्रम्हणया जीवनी नेपाल भाषा
२७. विश्वनगर, पूधा: प्याखं ,,
२८. भ्कीगु भाषा शास्त्रीय संगीत (पद्य) ,,
२९. प्रचलित दान गाथा ,,
३०. आषाढ पुन्ही छगू लुमन्ति ,,
३१. स्वस्तिवाक्य व मङ्गलाष्टक ,,
३२. हिरण्यवर्ण महाविहारया (संक्षिप्त परिचय)
३३. महासतिपट्ठान विपस्याना अन्तर्मुखी ध्यान ,,
३४. चैत्य बन्दना ,,
३५. परित्राण निदान र अर्थ सहित नेपाली (चतुर्थ संस्करण)
३६. आमा बाबुको सेवा (पद्य) नेपाली
३७. सुत्रनिपात मूलपालि र अर्थ नेपाल भाषा
३८. बौद्ध संस्कार पद्धति (दोस्रो संस्करण तपाईंकै हातमा)

**प्रकाशनको बाटोमा-**

१. कर्म व उकिया विपाक नेपाल भाषा (प्रेशमा)
२. बौद्ध दर्शनको विकास नेपाली (प्रेशमा)

Downloaded from http://dhamma.digital

## लेखकका अन्य प्रकाशित पुस्तकहरु:-

| | | |
|---|---|---|
| १. | परित्राण अर्थ सहित | (नेपाली) |
| २. | छ्छक्क सूत्र | (नेपाली, अप्राप्य) |
| ३. | तीन सूत्र | " |
| ४. | विश्वन्तर जातक | " |
| ५. | बुद्ध शासनको इतिहास | " |
| ६. | त्रिशुली बजार संक्षिप्त परिचय | " |
| ७. | खुद्दक पाठ पालि सहित | (नेपाल भाषा) |
| ८. | चरिया पिटक | " |
| ९. | अगुलीमाल | " |
| १०. | देवधम्म जातक (दोस्रो संस्करण) | " |
| ११. | बुद्धपदेशित सार संग्रह | " |
| १२. | उदान | " |
| १३. | गार्हस्थ धर्म | " |
| १४. | विपस्सना निर्देश (पद्यमय) | " |
| १५. | अंगुत्तर निकाय | " |
| १६. | दाफा भजन ग्वारा संग्रह | " |
| १७. | नमक्कार गाथा मूलपालि शब्दार्थ वा भावार्थ | " |
| १८. | श्रामणेर विनय | " |
| १९. | विश्वमा बुद्ध धर्म | " |
| २०. | ज्ञानमाला भजन संग्रह | (नेपाली) |

Downloaded from http://dhamma.digital